लेखापरीक्षण प्रतिवेदन

सियारी गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सियारी गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/546

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

सियारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सियारी-३, हर्नैया, रुपन्देही।

कैफियतसहितको राय

हामीले सियारी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५ करोड १३ लाख ८२ हजार र

स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३८ लाख ३० हजार समेत गरी रु.१५ करोड ५२ लाख १२ हजार सुत्रमा लेखांकन गरेको छैन ।

२. सियारी गाउँपालिकाको रु.१ अर्ब ५१ करोड ७० लाख ३ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड ८३ लाख ९१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.२२ लाख ९० हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु.२ करोड ६१ लाख १ हजार रहेकोमा असुल गर्नुपर्ने रू.२७ लाख ४१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४० लाख ९८ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ९१ लाख ६२ हजार र पेस्की बाँकी रु.१ लाख रहेको छ। गत वर्षसम्मको बेरुजु रु.१३ करोड ३१ लाख ६१ हजारमध्ये रु.१३ लाख ९० हजार फर्स्योट भई सम्परीक्षण पश्चात बाँकी बेरुजु रु.१३ करोड १७ लाख ७१ हजार रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.१५ करोड ७८ लाख ७२ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सियारी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी सियारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको

कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या				दफा संख्या			असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
९७	८५	२,८३,९१,१९७	०	४५	२२,९०,४४१	०	९७	४०	२,६१,००,७५६	२७,४०,८१५	१,९१,६१,६३२	४०,९८,३०९	०	०	२,३२,५९,९४१	१,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुपन्देही	१३,३१,६१,०००		१३,८९,७९२	१३१७७१२०८		२,६१,००,७५६	१५७८७१९६४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	५६	हस्तान्तरण भरपाई	३,७२,०१८
२	२०८०/८१	८२.३	सामाजिक सुरक्षा	१,२२,२२६
३	२०८०/८१	१२३	समयमा किस्ता नबुझाएको	३८,४७३
४	२०८०/८१	९३	विद्युत पोल स्थानान्तरण	३६,८४६
५	२०८०/८१	११५	बालमैत्री विद्यालय निर्माण	४,०३,९२०
६	२०८०/८१	६८	कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	१३,००,०००
७	२०८०/८१	११२	उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर भुक्तानी	१६,९५८
८	२०७७/७८	३८	ह्युम पाइप बितरण	१३,८९,७९२

जम्मा	३६,८०,२३

(८०५४८५०९३०० - सियारी गाउँपालिका, रुपन्देही)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ७ वडा ६६.१७ वर्ग किलोमिटर क्षेत्रफल तथा ४४९८५ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।१७ देखि २०८१।८।१९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ गरी जम्मा रु. १ अर्ब ५१ करोड ७० लाख ३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० देहाय बमोजिम रहेको छ।

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१					
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	११६६२४८३९.०९	११६६२४८३९.०९	११३९७३४३८.६७	११३९७३४३८.६७
१३०००	अनुदान	३६९८१५७९९.७६	३६९८१५७९९.७६	४४८९६८५७४.५	४४८९६८५७४.५
१४०००	अन्य राजस्व	७६०७१३९१.५१	७६०७१३९१.५१	७४२३७७२९.६८	७४२३७७२९.६८
१५०००	विविध प्राप्ति	१९,४४८.००	१९,४४८.००	२५८९३१५.	२५८९३१५.
क	कुल जम्मा प्राप्ति	५६२५३१४७८.३६	५६२५३१४७८.३६	६३९७६९०५७.८५	६३९७६९०५७.८५
३	चालु	४०१८४२३०८.७७	४०१८४२३०८.७७	३८४०२९०११.४३	३८४०२९०११.४३
२१०००	पारिश्रमिक / सुविधा	२०२४८७५८३.०७	२०२४८७५८३.०७	१८१०८४१२९.२	१८१०८४१२९.२
२२०००	मालसामान तथा सेवाको उपयोग	१६१२१२७०७.७	१६१२१२७०७.७	१४९५८८३४५.०३	१४९५८८३४५.०३
२५०००	सहायता (Subsidy)	२७५७३७३७	२७५७३७३७	४४३०९१०१.२	४४३०९१०१.२
२७०००	सामाजिक सुरक्षा	९८८८७४८	९८८८७४८	६१९८२२७	६१९८२२७
२८०००	अन्य खर्च	६७९५३३	६७९५३३	२८४९२०९	२८४९२०९
४	पूंजीगत	१५५५६५१७६.३२	१५५५६५१७६.३२	२७७२८४३९६.१९	२७७२८४३९६.१९
३१११०	भवन तथा संरचना	२३१७९६९०	२३१७९६९०	३८१३७०८४	३८१३७०८४
३११२०	सवारी साधन , मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स	७३८८७४२	७३८८७४२	११३६५५४९	११३६५५४९
३११३०	अन्य पूँजीगत खर्च	२०००००	२०००००	३१०९६७४	३१०९६७४
३११५०	सार्वजनिक निर्माण	१२४७९६७४४.३२	१२४७९६७४४.३२	२२२७६४०८९.१९	२२२७६४०८९.१९
३११६०	निर्मितसरचनाको सुधार खर्च	०	०	५०,०००.००	५०,०००.००
३११७०	पूँजीगत सुधार खर्च	०	०	१८५८०००	१८५८०००
५	वित्तीय	०	०	०	०
ख)	कुल जम्मा भुक्तानी	५५७४०७४८५.०९	५५७४०७४८५.०९	६६१३१३४०७.६२	६६१३१३४०७.६२
ग)	बचत / कमी (ग = क-ख)	५१२३९९३.२७	५१२३९९३.२७	-२१५४४३४९.७७	-२१५४४३४९.७७
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	३८९६५५०.७७	३८९६५५०.७७	-४३५५५५२.१६	-४३५५५५२.१६
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी				
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	९०२०५४४.०४	९०२०५४४.०४	-२५८९९९०१.९३	-२५८९९९०१.९३

च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	३७२७१७६७.३५	३७२७१७६७.३५	६३१७१६६९.२८	६३१७१६६९.२८
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	४६२९२३११.३९	४६२९२३११.३९	३७२७१७६७.३५	३७२७१७६७.३५

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १५ करोड १३ लाख ८२ हजार ८२२ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३८ लाख ३० हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन ।साथै रु. ४ लाख ७८ हजार ४५४ राजश्व समेत दाखिला भएको समावेश भएको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

४ **बैङ्क हिसाव विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाबाट पेश भएको सुत्रको मलेप फारम नं २७० को अनुसूची ६.२ अनुसार देहाय अनुसार बैंक तथा स्रेस्ताको मौजदात रकेको विवरण पेश भएको छ ।

अनुसूची ६ . २ बैंक तथा नगद बाकी			
यस पालिका अन्तर्गत यो वर्षको अन्तमा निम्नानुसार बैंक तथा नगद बाकी छः			
बैंकको नाम	खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
एन आई सि एशिया बैंक लि.	ग २.७ विविध खर्च खाता	४७३१२६५.६५	४७३१२६५.६५
एन आई सि एशिया बैंक लि.	ग ३.१ स्धानीय तह धरौटी खाता	१४०५७४५२.६१	१४०५७४५२.६१
एन आई सि एशिया बैंक लि.	ग ४.१ स्थानीय तह सञ्चित कोष खाता	२७३१६६०६.४१	२७३१६६०६.४१
एन आई सि एशिया बैंक लि.	ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१८६९८६.७२	१८६९८६.७२
जम्मा		४६२९२३११.३९	४६२९२३११.३९

५ **अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८१ असार मसान्तमा संघ तर्फको रु. २५१७५५७६। र प्रदेश तर्फको रु. ७९६४९। अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०८१-०३-३१ मा फिर्ता गरेको विवरण पेश गरेको छ ।

६ **वित्तीय प्रतिवेदनहरुको सार्वजनिकरण**

आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायीत्व ऐन,२०७६को दफा ५६ र नियमावली, २०७७ को नियम ७३ बमोजिम प्रत्येक कार्यालयले महिना समाप्त भएको सात दिनभित्र खर्चको फाँटवारी फस्यौट हुन बाँकी पेश्कीको विवरण, राजस्व धरौटीको विवरण राजस्वको वैंक हिसावको विवरण धरौटी मिलान विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको अभिलेखसँग रुजु गरी तालुक कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस कार्यालयले सो गरेको पाइएन । यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

७ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन :

- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी कन्टिजेन्सी खाता राखेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस बर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण गरेको पाइयो।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. ४२ लाख खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ सूचना प्रविधी पद्वति

सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक संस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरि सम्झैता गरेको देखियो। यसबाट पालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले संकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ ।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएको आम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

९ सफ्टवेयर खरिद तथा उपयोग

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले सफ्टवेयर खरिद गरी देहायबमोजिम खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

पालिकाबाट प्राप्त विवरण अनुसार सफ्टवेयर खरिद तथा उपयोगको अवस्था देहाय अनुसार रहेको देखिन्छ ।

सफ्टवेयरको नाम	खरिद भएको आ. व .	खरिद रकम	प्रयोगमा भए नभएको	शाखा	नवीकरण शुल्क रु.
मत्स्य पोखरी अध्यावधिक सफ्टवेयर	२०८०।८१	९९४४०	भएको	आर्थिक विकास शाखा	९९४४०
योजना, अनुगमन मूल्याङ्कन तथा प्रगती विवरण	२०७६।७७	३२२०००	भएको	योजना शाखा	९५०००
Business Registration Software animal Report and data collection	२०७९।८०	६८९३००	भएको	गाउँपालिका	१०००००
Online sifaris and online sifaris payment software	२०८९।८०	५१९८००	भएको	वडा कार्यालय	९५०००

१० आन्तरिक लेखापरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा तथा आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख रहेकोमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

११ बेरुजु लगत

पालिकाले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको मलेप फारम प्रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।पालिकाले म. ले. प. फाराम ८०१ बेरुजु लगत नराखेको तथा म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन । म. ले. प. फाराम अद्यावधिक नहुदा वेरुजुको वास्तविक अवस्था एकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ ।

१२ नीति, योजना तथा कार्यक्रम कार्यान्वयन

सियारी गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम २०८० असार १० गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा कार्यक्रममा प्रस्तुत भएका विषयवस्तुहरूमध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वियन गरेको पाइएन । सभामा प्रस्तुत नीति तथा कार्यक्रममा नै उल्लेखित व्यहोराहरूको कार्यान्वियनको लागि पालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएकाहरू शिक्षा, स्वास्थ्य, कृषि पशुपंक्षि तथा पुर्वाधार संग सम्वन्धित कार्यान्वियन नभएका उदाहरणहरु देहाय अनुसार छन :

- सियारी गाउँपालिकाको भु उपयोग नीतिलाई प्रभावकारी रुपमा कार्यान्वियनमा गर्ने
- पशु हाटबजारको सुव्यवस्थित संचालन गर्ने
- कृषि पर्यटनको गन्तव्यको रुपमा सियारीलाई विकास गरिनेछ नदी तथा बनक्षेत्र धार्मिक क्षेत्र पार्क निर्माणको माध्यमबाट पर्यटन विकास गरी आय आर्जन र रोजगारी सिर्जना गर्ने

- ३ वर्षभित्र वालमैत्री घोषणा गर्न आवश्यक कार्यहरु प्रारम्भ गर्ने
- अन्तर सरकार समन्वय तथा सहकार्य मार्फत एक स्थानीय तह एक नमुना कृषि वन कार्यक्रम संचालन गर्ने
- करको दर भन्दा दायरा विस्तारलाई प्राथमिकता दिई करधारलाई थप फराकिलो बनाउने
- स्थानीय स्तरबाट उत्सर्जन हुने फोहोर मैला प्रदुशन न्युनिकरण तथा ढल निकासको उचित व्यवस्थापन गर्ने
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०७८ को दफा २ अनुसार यस वर्ष ५६ योजनामा थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.२ करोड २ लाख २५ हजार मिति २०८०।१२।४ चौधौं गाउँसभाको निर्णयबाट मा रकमान्तर गरेको छ । उक्त रकम वजेटको तुलनामा ३.१६ प्रतिशत हुन्छ । कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१३ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु. ६३ करोड ८६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२७ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१५ **योजनाको प्राथमिकिकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार योजनामा वजेट विनियोजन गरेको छ।

रु. १ लाख सम्म	रु. १ लाख देखि २ लाखसम्म	रु.२ लाखदेखि ५ लाखसम्मका	रु.५लाख देखि १० लाखसम्मका	१० लाखभन्दा बढीको	जम्मा
६१	६३	८१	१७	१५	२३७

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । पालिकाले यस वर्ष रु.१ लाख देखि १० लाख भन्दा बढी गरी जम्मा २३७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा कम सम्मका ६१ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने देखिन्छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	६७३३००००.	५३२८५६१५.१८	९.५
२	पूर्वाधार विकास	११५६२५०००.	९६५३७४४४.७४	१७.३२
३	सामाजिक विकास	३०७८१९०००.	२७६१७४४९८.७	४९.९५
४	बातावरण तथा विकास	२००००००.	१०१५०००.	०.१८
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	५२५३००००.	३७२३२५२८.	६.६७
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	९७७३१५००.	९३१६२३९८.४७	१६.७१

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४९.९५ प्रतिशत र बातावरण तथा विकास मा सबै भन्दा घटीमा ०.१८ प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

१७ **त्रैमासिक खर्च**

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशिर्षक		कुल खर्च		त्रैमासिक खर्च रु.				
	बजेट		खर्च प्रतिशत	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
पूँजिगत खर्च तर्फ	१९०५८५०००	१५५५६५१७६	८१.६३	२९१३४७६	१५७०८७९४	२७७८०५९१	१०९१६२३१४	६९१७८९३८
		खर्च प्रतिशत		१.५२	८.२४	१४.५८	५७.२८	३६.२९

पालिकाको सुत्रबाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१९ करोड ५ लाख ८५ हजार भएकोमा प्रथम त्रैमासिकमा रु २९ लाख १३ हजार खर्च अर्थात १.५२ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. १ करोड ५७ लाख ८ हजार अर्थात ८.२४ प्रतिशत, तेस्रो त्रैमासिकमा रु. २ करोड ७७ लाख ८० हजार अर्थात १४.५८ प्रतिशत, चौथो त्रैमासिकमा रु.१० करोड ९१ लाख ६२ हजार अर्थात ५७.२८ प्रतिशत र असार महिनामा मात्रै रु.६ करोड ९१ लाख ७८ हजार अर्थात ३६.२९ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ । आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१८ **गत विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी चालु तर्फ रु. ६ लाख ८० हजार ९७५ र पूजिगत तर्फ रु. ८ लाख ६७ हजार ५२७ गरी रु. १५ लाख ४८ हजार ५०२।- भुक्तानी दिएको छ।पालिकाले गत आर्थिक वर्षमा रकम अभाव भएको कारण भुक्तानी

दिन छुट भएकोले कार्यक्रममा समावेश गरी भुक्तानी दिएको जनाएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१९ सेवाप्रवाह विवरण

यस वर्ष भएका घटना दर्ता सम्बन्धी विवरण पालिकाले उपलब्ध गराएको छैन । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
स्वीकृत घरनक्सा दर्ता पास	२२७	२२७
जन्मदर्ता	९१७	९१७
मृत्युदर्ता	२६७	२६७
बसाईसराई दर्ता	१२२ (आएको-७९, गएको-४३)	१२२
विवाह दर्ता	३८८	३८८
सम्बन्धविच्छेद दर्ता	२२	२२
जम्मा	१७१६	१७१६
	संख्या	किलोमिटर
पूर्वाधार विकास सडक निर्माण		५.९ कि.मी.
कालोपत्रे सडक निर्माण		४.२ कि.मी.
कालोपत्रे सडक मर्मत		१.२९ कि.मी.
ग्राभेल सडक निर्माण		१९.६ कि.मी.
पि.सि.सि. सडक निर्माण		४.९८ कि.मी.

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

२० कानुन निर्माण र कार्यान्वयन

यसमा निम्न व्यहोरा देखिएका छन्

(क) कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले ६२ वटा ऐन, १२ वटा नियमावली, ८७ कार्यविधि, ५ निर्देशिका, ६ मापदण्ड, १ विद्येक र १ रणनीति लगायत १७४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नुपर्दछ ।

(ख) निर्देशिका तथा मापदण्डः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम

सञ्चालनको लागि जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउने गरी कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

(ग) न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको २६ र यस वर्षको ८१ वटा उजुरी तथा विवाद समेत जम्मा १०७ दर्ता भएकोमा यस वर्ष ९९ वटा फछ्र्यौट भएको छ ।जसमध्ये ८ वटा मुद्दा फछ्र्यौट हुन बाँकी रहेको पालिकाले जानकारी दिएको छ।

२१ कर तथा शुल्क असुली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यस पालिकाले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति देहाय बमोजिम छन् :

आर्थिक वर्ष २०८०।८१				आर्थिक वर्ष २०७९।८०		
आय शिर्षक	अनुमान	असुली	असुली प्रतिशत	आय शीर्षक	अनुमान	असुली
भूमिकर मालपोत	३००००००	२७३७४१२	९१.२४	भुमिकर मालपोत	७००००००	२३०५७१२
घर बहाल कर	२००००००	३१५२५२१	१५७.६२	घरजग्गा वहाल कर	२००००००	२२०६६९७
वहाल बिटौरी कर	१२०००००	१२१७२७२	१०१.४३	व्यवसाय कर	१५००००००	३६५३३८८
सवारी साधन अनुमती दस्तुर	२०००००	४८९०००	२४४.५	वहाल बिटौरी शुल्क	१५०००००	८९८५७५
पूर्वधार सेवाको उपयोगमा लाग्ने कर	३५०००००	२५१४२८९	७१.८३	साना सवारी साधन कर	३०००००	२२०००
परीक्षा दस्तुर	१०००००	४०९००	४०.९	पूर्वाधार सेवाको उपभोगमा लाग्ने कर	९५०००००	१४४९६०१०
सरकारी सम्पतीको वहालबाट प्राप्त	२०००००	१५७०००	७८.५	परिक्षा दस्तुर	१०००००	१३५५००
नक्सा पास दस्तुर	२००००००	१६३८११२	८१.९	सरकारी सम्पत्तिको वहाल पाट प्राप्त आय	१०००००	२५८०००
सिफारिस दस्तुर	८००००००	६५८७८४५	८२.३४	नक्सा पास दस्तुर	३००००००	५०१००६
व्यक्तिगत घटना दर्ता	५०००००	६१९८५०	१२३.९७	सिफारिस दस्तुर	६२०००००	५७१९४५२
नाता प्रमाणित दस्तुर	३०००००	९९३००	३३.१	व्यक्तिगत घटना दर्ता	३०००००	३८५३००
अन्य दस्तुर माटो समेत	२५०००००	४५३७६९९	१८१.५	नाता प्रमाणित दस्तुर	१०००००	१७७९२०
व्यवसाय रजिस्ट्रेशन दस्तुर	१००००००	४७१९८०	४७.१९८	अन्य दस्तुर माटो समेत	१८०००००	३३२०३७५६
व्यवसाय कर	१५५००००००	१५०२००९०	९६.९०५	व्यवसाय रजिस्ट्रेसन दस्तुर	११०००००	३२३२५०
अन्य कर डाइरेक्ट वैकं दाखिला समेत	२१२००००	४४६९४८४	२१०.८२			
अन्य प्रशासनीक सेवाशुल्क	५०००००	१५३०६०	३०.६१२			
प्रशासनीक दण्ड जरिवाना र जफत	१००००००	७०४५००	७०.४५	प्रशासनिक दण्ड जरिवाना र जफत	४०००००	१११७०००
दहत्तर बहत्तर नदीजन्य	५२००००००	४७९७९३५८	९२.२६५	दहत्तर वहत्तर		३३२०३७५६
जम्मा	९५६२००००	९२५८९६७२	९६.८३	जम्मा	४८४०००००	९८६०७३२२

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।साथै यस वर्ष गत आ.व.को तुलनामा कम राजस्व संकलन रहेको देखिन्छ।यसमा पालिकाले राजस्व बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

२२ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ ।पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ

मालपोत शुल्क, सिफारिस दस्तुर, सेवा शुल्क लगायतको शिर्षक बाट अनुमानित रु ९५६२००००/- रकम राजश्व प्रक्षेपण गरेकोमा पालिकाले यस आ. व. को अन्त्यमा रु ९२५८९६७२।- मात्र राजश्व संकलन गरेको देखिन्छ जुन प्रक्षेपण भन्दा ३.२० प्रतिशले कम आय प्राप्त भएको देखिन्छ । पालिकाले अन्य स्रोतहरुको समेत पहिचान गरी आन्तरीक आम्दानी वढाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

२३ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४६४८१७८१३	९२५८९६७२	१६.६१

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १६.६१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४ **सवारी कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष यस शीर्षकमा रु. ४८९००० कर संकलन गरेको पाइयो । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

२५ **मनोरञ्जन कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कुनै पनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

२६ **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १ करोड ५० लाख २० हजार कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२७ **स्थानीय तहरूको विभाज्य कोष**

स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ६२(क) बमोजिम ढुङ्गा गिट्टी बालुवा गाउँपालिका वा नरपालिकाले विक्री गरी प्राप्त राजस्व आफ्नो संचित कोषमा दाखिला गर्न सक्ने व्यवस्था छ। त्यस्तै लुम्बिनी प्रदेश आर्थिक ऐन , २०८० को दफा ८ मा आा.व. २०८०।८१ मा प्रदेश भित्रको ढुङ्गा गिट्टी बालुवाको राजस्व असुल गरी विभाज्य कोषमा दाखिला गरी स्थानीय संचित कोषमा ६० प्रतिशत तथा प्रदेश संचितकोषमा ४० प्रतिशत दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले दहत्तर बहत्तर शुल्कबाट कुल रु. ४७९७९३५८।प्राप्त गरेकोमा विभाज्य कोषमा रु. ४४५२८८०९।७५ आम्दानी जनई सो मध्ये रु; २५ लाख प्रदेश सरकारलाई पठाएको छ । पालिकाले अतिरिक्त बिज्ञापन, मनोरन्जन, सम्पत्ती कर असुली गरी आन्तरीक आय बढाउनु पर्दछ ।

२८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२९ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३० खरिद कारवाही अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

३१ विपद व्यवस्थापन कोष (प्रकोप)

आपतकालीन विपदको रोकथाम र भैपरी आउन सक्ने सम्भावित जोखिमलाई मध्यनजर गरी पालिकाले विपद व्यवस्थापन कोषको स्थापना गरेको छ। पालिकाको विपद व्यवस्थापन कोषमा आ.व. २०८०।८१ मा कुल रकम रु. १० लाख १ हजार ३४२ आम्दानी रहेकोमा रु. ८ लाख १४ हजार ३५६ रकम खर्च भई जम्मा रु. १ लाख ८६ हजार ९८६ बाँकी रहेको पाइयो।यसरी विपद व्यवस्थापन कोषको रकम खर्च गर्दा पालिकाको विपद व्यवस्थापन कोष सम्बन्धी कार्यविधिको परिधिभित्र रही खर्च गर्नु पर्दछ। पालिकाले राहत वितरण सम्बन्धि कार्यविधि तर्जुमा गरेको पाईएन । पालिकाले विपद् प्रभावित एकिन गरेर राहत तथा सामाग्री उपलब्ध गराउनुपर्नेमा राहत प्राप्त गर्ने व्यक्ति वास्तविक विपद प्रभावित हुन् वा होइनन् एकिन हुन सकेन । तसर्थ पालिकाले वास्तविक पिपद प्रभावितलाई एकिन गरेर मात्र राहत उपलब्ध गराउनु पर्दछ । साथै पालिकाले प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधरणको जिउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृति एवं सास्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपुर्ति स्वरुप दिईने राहत लागि विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी कार्यविधि तर्जुमा गरेकोमा कार्यविधि विपरित विभिन्न योजनहरुको मर्मत कार्यमा खर्च गरेको पाईयो । यस्तो खर्च प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

३२ कार्य योजना

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन,

तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

३३ **वार्षिक प्रतिवेदन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३४ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरी आर्थिक सहायतमा यो वर्ष रु. ११०००००।- वितरण गरेको छ। यसरी वितरण गरिएको आर्थिक सहायतालाई सार्वजनिक गरी पारदर्शी बनाउनु पर्दछ।

३५ **सम्पति व्यवस्थापन**

(क) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण अभिलेख राख्नु पर्दछ ।

(ख) जिन्सी सम्पतिको सुरक्षा : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत मलेप फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका मलेप फाराम ४०१ देखि ४१८ सम्म प्रयोग नगरेको पाईयो । यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सवै मलेप फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा हुने खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ

(ग) जिन्सी अभिलेखिकरण: स्थनीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालय समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । साथै हस्तान्तरण भई आएका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता अद्यावधिक गरी २०८१ असार मसान्त भित्र प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन ।

३६ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान

मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षणको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

३७ सवारी साधन मर्मत

लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयको नाममा रहेका सवारी साधन, मेशिनरी औजार, फर्निचर तथा अन्य निर्मित सम्पत्तिको मर्मत सम्बन्धी कार्य गर्दा PAMS मा स्वीकृत मर्मत आदेश अनुसार सम्बन्धित कर्मचारीले अनुमानित लागतमा आधारित मर्मत निवेदन तयार गर्ने र सवारी मर्मतको हकमा म.ले.प.फा.नं. अद्यावधिक गरेर मात्र पेश गर्ने र कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराउनुपर्ने व्यवस्था छ।तर यस पालिकाले सो प्रक्रिया बेगर सवारी साधन, मेशिनरी औजार र फर्निचर मर्मत गराई सोझै बिल भरपाईका आधारमा मर्मत खर्च लेखेको पाइयो। मर्मत सम्भार गर्दा व्यवस्था भए बमोजिम PAMS मा मर्मत आदेश तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराएर मात्र मर्मत तथा भुक्तानी गर्नुपर्दछ।

३८ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकासंग सहकारी सम्बन्धि विवरण उपलव्ध गराउन अनुरोध गरेकोमा उक्त विवरण तथा सहकारी सम्बन्धि कुनै पनि विवरण प्राप्त भएन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३९ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु. १९९८५०००।खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।पालिकाले माथि उल्लेखित पद वाहेकका अन्य विभिन्न अधिकृत छैठौ, सहायक कम्युटर, इन्जिनियर, सव इन्जिनियर, सहायक चौथो पदमा कर्मचारी कारार नियुक्त गरी खर्च लेखेको छ भने पालिकाले स्वीकृती दरवन्दी भन्दा बढी १ जना इन्जिनयर, ८ जना सहायक कम्प्युटर अपरेटर, १ जना अमिन नियुक्त गरी रु ४४१७४९१। खर्च लेखेको रकम नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	४४,१७,४९१

४० कल्याणकारी कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन बमोजिम पाउने उपदान निवृत्तिभरण औषधी उपचार लगायतका सम्पुर्ण सुविधा यसै कोषबाट खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकामा स्थानीय सेवाका कर्मचारीहरु कार्यरत रहेका र उक्त कर्मचारीहरुको लागि तलव भत्ता मात्र खर्च लेखेकोमा १० प्रतिशत हुन आउने रकम कटटा गरी सोही बमोजिम अवकाष कोषमा जम्मा गर्नुपर्नेमा अबकाष कोषको स्थापना गरेको छैन । स्थानीय सेवा सम्वन्धी कानुन

हालसम्म नबनेकोमा पालिकाले उक्त कोषको सञ्चालन सम्बन्धी कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिकाको सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरी रु.४२०००००।- खर्च गरेको छ।

४१ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धी कार्यविधि २०७९ स्विकृत गरेको छ ।स्वीकृत कार्यविधिको बुदा न ६ मा कार्यसम्पादनको मुल्यांकन सम्वन्धी व्यवस्था गरेको छ भने बुदा न १ क मा प्रोत्साहन भत्ता कार्यसम्पादनको मुल्यांकनका आधारमा खाइपाई आएको तलवको १० देखि ४० प्रतिशत सम्म हुने उल्लेख गरेको छ । त्यसै गरी बुदा न ९ मा कार्यसम्पादनको मुल्यांकनका मापदण्ड र अंकभारको व्यवस्था गरी पालिकाले यस वर्ष प्रोत्साहन भत्तामा रु ३९३३१६८। खर्च गरेको छ भने कर्मचारीलाई पालिकाले कार्यविधि वनाएर खाजा वापत मासिक रु २००० का दरले र इन्धन रु १००० देखि ३००० सम्मका दरले रु २३५४५००।- समेत खर्च गरेको छ। कर्मचारीलाई प्रोत्साहन भत्ता दिदा पालिकाको आन्तरीक आय तथा कार्यबोझ समेत विचार गरी खर्च लेख्नुपर्दछ ।

४२ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी कार्यविधि, २०७६ जारी गरेको छ । उक्त कार्यविधिमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.७५ लाख ४७ हजार सुविधा वापत भुक्तानी भएको विवरण पेश भएको छ ।

विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष ७ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य	जम्मा
यातायात खर्च	-	१४४०००.	८४००००.	४३२०००.	८२८०००.	२२४४०००.
टेलिफोन, मोबाइल	४२०००.	३६०००.	२५२०००.	२१६०००.	६९००००.	१२३६०००.
पुस्तक, पत्रीका , ईन्टरनेट	४८०००.	४८०००.	२५२०००.	२१६०००.	५५२०००.	१११६०००.
समन्वय तथा सहजीकरण	१२००००.	९६०००.	५०४०००.	३६००००.	८२८०००.	१९०८०००.
अतिथि सत्कार	७२०००.	६००००.	३३६०००.	-	-	४६८०००.
खानेपानी/बिजुली/सरसफाई	६००००.	६००००.	-	-	-	१२००००.
चाडपर्व खर्च	१५०००.	१५०००.	८४०००.	६००००.	१६१०००.	३३५०००.
अन्य भए उल्लेख गर्ने	६००००.	६००००.	-	-	-	१२००००.
जम्मा	४१७०००.	५१९०००.	२२६८०००.	१२८४०००.	३०५९०००.	७५४७०००.

४३ **प्रेस सहजकर्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि प्रेस सहजकर्ता राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड अनुसार खर्च गरेको देखाए तापनि सो परिपत्रको आधारमा खर्च गर्न मिल्दैन । पालिकाले प्रमुखको लागि यस वर्ष १ जना सहजकर्ता नियुक्त गरी मासिक रु २००००।- का दरले चाडपर्व खर्च समेत रु १४००००।- पारिश्रमिक भुक्तानी दिएको छ । स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐनमा व्यवस्था नभएकोमा प्रेस सहजकर्ता नियुक्त गरी खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	१,४०,०००

४४ **बोलपत्रहरुको मुल्यांकन समितिको भत्ता**

गो.भौ.नं. ६४१।१।१, ७४६।२।१४¬- लुम्विनी प्रदेशको सार्वजनिक खर्च संचालन निर्देशिका, २०७९ को बुदा नं. ४ मा सार्वजनिक निकायले कार्यालयको आर्थिक दायित्व पर्ने गरी बैठक संचालन गर्दा बैठक कार्यालय समय भन्दा अघि वा पछी वसेको हुनुपर्ने बैठकको लागि विशेषज्ञ सेवा आवश्यक पर्ने भएमा बढी ३ जना सम्मलाई आमन्त्रि गरी बैठकमा सहभागि गराउन सकिने उल्लेख छ ।पालिकाले बोलपत्र तथा दरभाउ पत्रको मुल्याकंन समितिको बैठक माघ देखि चैत्र सम्म विभिन्न मितिमा ४१ पटक बोलपत्र मुल्यांकन समितिको बैठक बसी रु.२६३०००।- र रु.११९०००। समेत रु.३८२०००।- भत्ता खर्च लेखेको छ ।पालिकाले अतिरिक्त समय काम गरेको प्रोत्साहन भत्ताको मुल्यांकनको सुचक समेत राखी ४० प्रतिशत सम्म भत्ता दिएकोमा कार्यालयको समय भन्दा अघि वा पछी मूल्यांकन समितिको बैठक भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	३,८२,०००

४५ **बिविध तथा होटेल खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जिवनस्तर, आम्दानी, रोजगार बढने जस्ता योजनालाइ प्राथमिकता दिइ बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविध खर्चमा रु. ४२०००००।- खर्च गरेको छ ।पालिकामा कार्यरत कर्मचारी,स्थानीय तह प्रदेश तथा कार्यालयबाट आउने कर्मचारी तथा जनप्रतिनिधि चिया, खाजा, नस्ता, खानामा होटेल विल राखी खर्च लेखेकोले पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४६ **इन्धन खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा पालिकाले बजेट विनियोजन गर्दा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजनामा बजेट विनियोजन गर्नुपर्ने उल्लेख गरेको छ । त्यसै गरी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ को दफा ४ मा स्थानीय तहका पदाधिकारीलाई सम्वन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउने र अनुसुचीमा उल्लेख भए अनुसार सवारी साधन प्रयोग गर्ने पदाधिकारीलाई मासिक १२० लिटर इन्धन र त्रैमासिक रुपमा ५ लिटर मोविल उपलब्ध गराउने उल्लेख गरेको छ ।पालिकामा कार्यरत कर्मचारीले प्रयोग गर्ने सरकारी तथा प्राइभेट मोटरसाइकललाई मासिक १० लिटरको दरले र अन्य सवारीसाधनमा इन्धन प्रयोग गरी रु.५१९७०००।- खर्च लेखेको छ । पालिकाले इन्धन प्रयोग हुने सवारी साधनवाइज लगबुकको अभिलेख राख्ने र कानुनमा उल्लेख भए अनुसार कर्मचारी तथा पदाधिकारीले प्रयोग गर्ने सवारी साधनमा मात्र इन्धन खर्च लेखेकोले इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४७ **विज्ञापन वोर्ड कोष खाता कट्टी**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६कको उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन ।पालिकाले विज्ञापन नियमावलीको व्यवस्था अनुसार सुचना तथा विज्ञापन रकमको ३ प्रतिशत कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउनु पर्दछ ।

४८ **विद्युत महशुल**

पालिका भित्र संचालित वत्तीको विद्युत महशुल समयमा भुक्तानी गरी रिवेट छुट लिनुपर्दछ ।पालिकाले गो.भौ.नं.१५७।६।२९ बाट विद्युत महसुल थप जरिवाना रु.५११८८।- सहित रु.२८४०११।- र गो.भौ.नं.३६६।१०।८ बाट जरिवाना रु.१५६०४।- समेत रु.१५७९८१।- विद्युत महशुल भुक्तानी गरेकोमा रु.६६७९२।- जरिवाना तिरेको छ ।पालिकाले समयमा विद्युत महशुल भुक्तानी नगर्दा थप व्ययभार पारी बिद्युत महशुल जरिवाना तिरेको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	६६,७९२

४९ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र योजना अनुसार २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको मालसामान निर्माण कार्यको बोलपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले मसलन्द तथा कार्यालय सामान पटक पटक गरी रु.३५०००००।- सोझै खरिद गरेको छ ।पालिकाले गो.भौ.नं. १७७। २०८०।७।२ बाट रु.६६६७७२।- र गो.भौ.न. ९१७।२०८१।३।२० बाट रु.५६२२२५।- समेत रु.१२२८९९७।- को कार्यालय सामान शर्मा स्टेस्नरी एण्ड सप्लायर्सबाट खरिद गरी खर्च लेखेको छ ।खरिद नियमावलीमा भएको नियम विपरी एउटै फर्मबाट रु.१० लाख भन्दा बढी सोझै खरिद गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१२,२८,९९७

५० **लोकसेवा तयारी कक्षा संचालन**

स्थानिय सरकार संचालन ऐन, २०७४ मा स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा बजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेख गरेको छ ।पालिकाले लोकसेवा तयारी कक्षा संचालनको लागि पालिकाबाट बजेट विनियोजन गरी रु.३९०६००।- खर्च गरेकोमा वडा नं.२ बाट पनि लोकसेवा तयारी कक्षा संचालन गरी रु.२४८९६८।- समेत जम्मा रु.६३९५६८।- खर्च गरेको छ । पालिकाले विकास निर्माण तथा जनतासंग प्रत्यक्ष सरोकार रहेका विषयमा बजेट विनियोजन गरी खर्च गर्नुपर्ने देखिन्छ ।

५१ **खर्च वृद्धि**

सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा व्यक्तिले आफ्नो निजि खल्तीमा भएको रकम जसरी खर्च गर्छ सोही तरिकाले सरकारी रकम पनि खर्च गर्नुपर्ने हुन्छ। पालिकाले तपसिलमा उल्लेखित चालु प्रकृतिका ६ वटा खर्च शीर्षकहरु मध्ये करारका कर्मचारीको खर्च , बैठक भत्ता र मसलन्दमा खर्च गर्दा गत वर्ष भन्दा यस वर्ष बृद्धी भएको छ। भने बाँकी ३ वटा खर्च शीर्षकहरुमा केही प्रतिशत खर्च घटेको देखिन्छ। यसरी प्रत्येक वर्ष बृद्धी भएका खर्च शीर्षकमा हुने खर्चलाई नियन्त्रण गरी मितव्यिता अपनाउनु पर्दछ।

सि.नं.	खर्च शिर्षक	२०७९।८० को खर्च	२०८०।८१ को खर्च
१	करारका कर्मचारीको खर्च	१२५०००००	१५९८५०००
२	सल्लाहकार खर्च	४२००००	१४००००
३	वैंठक भत्ता	८६८०००	३७६४०००
४	जलपान	५४०००००	४२०००००
५	इन्धन	५९११०००	५१९७०००
६	मसलन्द	३००००००	३४८००००

५२ **राम जानकी गौशाला संचालन अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।पालिका र वडा कार्यालयबाट समेत छुट्टा छुट्टै बजेट विनियोजन गरी राम जानकी गौशाला संचालन तथा व्यवस्थापनको लागि रु २८२१५४३।अनुदान सहयोग दिएको छ ।पालिकाले बजेट विनियोजन गर्दा पालिकाको मुख्य

प्राथमीकतामा रहेका योजनाहरु छनोट गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । राम जानकी गौशाला संचालन लागि विभिन्न सघ संस्था तथा व्यक्तिहरुले पनि सहयोग अनुदान उपलब्ध गराउने हुँदा पालिकाको आन्तरीक आम्दानी समेतलाई विचार गरी अनुदान दिने र यसरी भएको खर्चको अनुगमन गरी खर्चको प्रभावकारिता मुल्यांकन हुनुपर्दछ।

५३ **आकस्मिक कोषबाट खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० मा गाउँपालिका तथा नगरपालिकाले स्थानीय कानुन बमोजिम आकस्मिक कोष स्थापना गरी संचालन गर्न सक्ने व्यवस्था छ। तर पालिकाले मानव जिवनमा असर पर्ने तथा अप्रत्यासित कारणबाट सिर्जना हुने विशेष परिस्थितिलाई तत्काल सम्वोधन गर्न गाउँकार्यपालिकाले आकस्मिक रुपमा सम्वोधन गर्नुपर्ने योजना तथा कार्यक्रमको कार्यन्वयन गर्न आकास्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० स्विकृत गरेको छ । पालिकाले आकस्मिक कोषमा रकम ट्रन्सफर गरी यो वर्ष रु.२९२८४१५७।खर्च गरेको छ । पालिकाले विशेष परिस्थितीलाई तत्काल सम्वोधन गर्न र तत्कालको परिस्थितीलाई सम्वोधन नगरी नहुने योजना तथा कार्यमा खर्च गर्न आकस्मिक कोषबाट खर्च गर्ने कार्यविधिमा उल्लेख गरेकोमा उक्त खर्च मध्ये तपसिलका खर्चहरु आकस्मिक कोष संचालन कार्यविधि विपरीतका कार्य तथा योजनामा खर्च गरेको नियमसम्म नदेखिएको रु .

गो भौ न	कामको बिवरण	खर्च रकम
३०७।३।१३	इलाका प्रहरी कार्यालयको दुर्गा मन्दिर निर्माण	४७४०००
३१२।३।११	टोल विकासका पदाधिकारीलाई रेनकोट	१०००००
३१७।३।२०	वडा न ६ विभिन्न भागमा मिस्कट लगाउने	३७२४००
९।६।२९	वडा न ६ मा बाटो मर्मत	९७३१२
८।६।२५	तिज मिलन कार्यक्रम	१००००
१३।७।१	प्रहरी चौकी मर्मत वडा न ४	१४००००
१७।७।१४	वडा न १ फुटवल प्रतियोगिता	१०००००
३२।८।१३	छठ पर्व	१०५०००
३६।८।१९	वड न २ मा छठ पुजा	५००००
५०।९।३	रामलिला व्यवस्थापन समितिलाई	१०००००
५१।९।३	अध्यक्ष कप रनिङ्ग शिल्ड प्रतियोगिता	६७१८८०
६२।५।१०	अस्थाई प्रहरी चौकी निर्माण	११७१६३
६६।१०।१०	वडा न ४ को दुर्गा मन्दिर रङ्गरोगन	९९८६७
६८।१०।१०	न्यु मिलन युवा क्लव	३००००
७७।१०।१५	सिलाई मेशिन खरिद	३७२०१७
२२४।१२।२७	मगर सघंलाई	१०००००
२३१।१।७	वडा न १ दुर्गा मन्दिर निर्माण	१९४९९९
२३३।१।९	शिव मन्दिरको शिवरात्री भएको खर्च	५००००
२४८।१।२५	राम जानकी मन्दिरको खर्च	२५०००
२५६।२।७	एडभान्स सिलाई कटाई तालिम	५०००००
२६१।२।११	सतचण्डी महायज्ञ	२५००००
२६९।२।१७	लुम्विनी मिडिय सम्मेलन	४००७४
२७०।२।१८	दुर्गादेवी मा वि मा वार्षिक उत्सव खर्च	२०००००
२७९।२।२७	शसस्त्र प्रहरी भवनमा वाल निर्माण	२४९४१७
२८४।२।२७	छपिया आ वि स्वर्ण महोत्सव	४०००००
२९३।३।६	दुर्गा कालिका मन्दिर पुन निर्माण	४८८२०८
जम्मा		५३३७३३७

अनियमित भएको	५३,३७,३३७

५४ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा स्तरमा जेष्ठ नागरीक सम्मान कार्यक्रममा बजेट विनियोजीत गरी वडा न.५,६,७ बाट रु.८९७६११।कम्मल खरिद गरी जेष्ठ नागरीकलाई वितरण गरेको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित पारदर्शी तवरले गरिनुपर्दछ।

५५ **सि डी एम नेपालसंग साझेदारी**

जलबायु परीवर्तन,विपद जोखिम न्युनिकरण,मौसम पुर्वानुमानमा आधारीत पुर्व कार्य,हरीत रोजगारीको लागि लक्षित युवाहरुको उद्यम शिलता तथा प्रविधिक सिप विकास, रोजगार संचालनमा वीउ पूजीको व्यवस्था, पोखरी तथा मुहान संरक्षण गुरु योजना, क्षमता अभिवृद्धि तालिम तथा गोष्ठी पैरवी कार्य संचालन गरी जलवायु तथा वातावरण मैत्री विकास,सकटापन्न समुदायको विपद जोखिन न्युनीकरण गर्ने उद्देश्यले मिति २०७९ साल फागुन देखि २०८३ साल मंसिर सम्म कार्यक्रम संचालन गर्ने गरी विकास तथा प्रकोप व्यवस्थापन केन्द्र (सिडीएम नेपाल) र सियारी गाउँपालिका विच लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने गरी मिति २०८०।४।३१ मा सम्झौता भएको छ । सामुदायिक उत्थानसिल परीयोजनामा ७४ प्रतिशत सि. डि.. एम दातृ संस्थाको र २६ प्रतिशत पालिकाको साझेदारिमा अघी बढाउने उल्लेख छ ।आर्थिक वर्ष २०८०।८१ मा सि, डि. एम नेपालले कार्यक्रम संचालन गरी रु १७४९०८९। खर्च गरेकोमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

- पालिका र परियोजनाको लागत साझेदारीमा संचालित कार्यक्रम कार्यान्वयन गर्ने सिडिएम नेपालको अनुगमन तथा मुल्यांकन सम्वन्धित पालिकाले गर्नुपर्नेमा स्वंयमा सोही संस्थाबाट गराई खर्च लेख्न मिल्ने देखिदैन ।
- लागत साझेदारीमा कार्यक्रम संचालनको लागि सिडीएम नेपालको खातामा पालिकाबाट अग्रीम बैक जमानत लिई सम्झौता रकम पेश्की दिनु पर्नेमा सिडीएम नेपाललाई विना कुनै जमानत पेश्की दिएको नियम सम्मत देखिएन ।
- सम्झौताको वुदान न १।१९ मा साझेदार र पालिकाले कम्तिमा ३ महिनामा एक पटक नियमिति समन्वय बैठक राख्नुपर्नेछ । समन्वय बैठकमा भाग लिने पक्षहरुले प्रतिक्रिया सिकाई उपलब्धिहरु र काम गर्ने तरिकाहरु पारस्परीक रुपमा समिक्षा गर्ने उल्लेख गरेको छ । सिडीएम नेपालले यस कार्यक्रमबाट प्राप्ती उपलब्धि र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गरेको देखिएन ।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयारनगरी सम्झौता भएको छ ।यसले गर्दा यो परीयोजनबाट संचालन पुर्व लक्षित परिवारहरुको विपद जोखिमको अवस्था रोजगारमुलक उद्यमशिलत र मर्यादित कृषि व्यवसायको विकासको बास्तविक अवस्था एकिन गरेको छैन भने कार्यक्रम संचालन पश्चात कृषि व्यवसाय लक्षित युवाहरुको सिप विकास उद्यमशिलता र मर्यादित कृषि व्यवसायमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्ने अवस्था रहेन ।

५६ **हस्तान्तरण भरपाई**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३७२,०१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५७ **खानेपानी शुल्क**

पालिकाले वडा न ६ र ७ का उपभोक्तालाई ८००० लिटर सम्मको खानेपानी निशुल्क न्युनतम महशुल रु ८० पालिकाबाट भुक्तानी गर्ने गरी वडामा बजेट विनियोजन गरी खर्च लेखेको छ । न्युनतम विद्युत महशुलको मासीक शुल्क रु ८० का दरले गाउँपालिकाले गाउँपालिका अन्तरगतका वडा न ६ र ७ का नागरिकले प्रयोग गर्ने खानेपानीको विद्युतको न्युतम महशुल शुल्कमा यो वर्ष रु.७९९०८०। खर्च लेखेको छ ।वडामा वसोवास गर्ने विपन्न तथा अति गरिव घरपरिवार पहिचान गरेर मात्र विद्युत महशुल भुक्तानी दिनुपर्नेमा वडाभरीका सवै उपभोक्ता समुहलाई मासिक रु. ८० भुक्तानी गर्दा नागरीकले पनि कुनै राहत मिलेको अनुभव नहुने र पालिकाको रु.७९९०८०।-

खर्च हुने हुदा यस्ता प्राचारमुखी तथा वितरणमुखी कार्यक्रममा बजेट विनियोजन नगरी दिर्घकालिन योजनमा बजेट विनियोजन गरी खर्च गर्नुपर्ने देखिन्छ ।

५८ मकै वाली पकेट विकास कार्यक्रम निरन्तर

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वियन मेनुअल, २०७७ को बुँदा नं. ४.१.१३ अनुसार कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी प्रगति प्रतिवेदन र तोकिएको ढाँचामा पकेटको प्रोफाइल तयार तथा अन्य विबरणहरु अद्यावधिक गर्नु पर्ने ब्यबस्था छ। पालिकाले मकै वाली पकेट विकास निरन्तर कार्यक्रमको गत वर्षको समेत प्रोफाइल तयार नगरेको र अनुगमन तथा मूल्याङ्कन गरी प्रगति प्रतिवेदन समेत तयार नगरी मकै वाली पकेट विकास निरन्तर कार्यक्रमका लागि गो.भौ.नं. १८१।०८१।२।३१ बाट - श्री जन जागृत कृषक समुह सियारी १ लाई रु.९५०००।-, श्री वीउ उत्पादक कृषि सहकारी संस्था लि सियारी ६ रामगंजलाई रु.९५०००।-, श्री वहुउद्धेश्शीय कृषक समुह सियारी ५ लाई रु.९५०००।-, श्री किसान उत्थान कृषि तथा पशु पालन कृषक समुह सियारी ३ लक्ष्मीपुरलाई रु.९५०००।-, श्री मिलीजुली कृषक समुहलाई रु.९५०००।- गरी ५ बटा कृषक समूहलाई विषादी, मकैको विउ,जैविक मल, मोटर, पाईप आदी खरिद गर्न जम्मा ५० प्रतिशत अनुदान रु.४७५०००।- भूक्तानी गरेको छ। उक्त मेनिअलको व्यवस्था अनुसार कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी प्रगति प्रतिवेदन र तोकिएको ढाँचामा गत वर्षको समेत पकेटको प्रोफाइल तयार गरी पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,७५,०००

५९ कृषि तथा पशु तर्फ

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकबाट बिभिन्न १२ वटा कार्यक्रमक लागि रु २७८९४००० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम सार्वजनिकरण गर्नु गराउनु पर्दछ । साथै अनुदान उपयोग र प्राप्त प्रतिफलको बारेमा अनुगमन गरी अनुदानको प्रोफाइल तयार गर्नुपर्दछ।

कृषितर्फ

सि.नं.	पालिका वा सशर्त	कार्यक्रमको नाम	भुक्तानी पाउने व्यक्ती/ फर्म / समिति / संस्था	अनुदान प्रतिशत	अनुदान रकम
१	पालिका	तेलहन वाली विकास कार्यक्रम	श्री ज्ञानविज्ञान वीउ उत्पादक कृषि सहकारी संस्था लि सियारी ६		३६८८६९
		(५७९ जना कृषक)	श्री राधाकृष्ण वीउ उत्पादक कृषक समूह शुद्धोधन ७	५०.००%	१३५१६३
जम्मा					५०४०००
२	पालिका	निशुल्क विषादी वितरण कार्यक्रम	विभिन्न कृषक	१००.००%	४०००००
३	सशर्त	मकै वालीको पकेट विकास कार्यक्रम निरन्तरता	श्री जन जागृत कृषक समुह सियारी १	५०.००%	९५०००
			श्री वीउ उत्पादक कृषि सहकारी संस्था लि सियारी ६ रामगंज		९५०००
			श्री वहुउद्धेश्शीय कृषक समुह सियारी ५		९५०००
			श्री किसान उत्थान कृषि तथा पशु पालन कृषक समुह सियारी ३		९५०००
			श्री मिलीजुली कृषक समुह		९५०००
			जम्मा		४७५०००
४	पालिका	मकै बालीको उत्पादनमा आधारित नगद अनुदान	गाउँपालिका भित्र ३६२ कृषक		८०००००
		मसलाबाली विकास (लसुन , खुर्सानी र बेसार खेती) अनुदान	गा. पा . भित्रका १२८ कृषक		४२००००
		फलफुल बगैचा विस्तार	गा. पा . भित्रका २० किसान		४८००००
		कौशीमा मौरी पालन विस्तार	गा. पा . भित्रका कृषक	१००.००%	१२५०००
५	सशर्त	खाद्यन्न वालीको उन्नत वीउ उपयोगमा अनुदान (धानको वीउ वितरण)	श्री जनजागृत कृषक समुह सियारी १ (७८ जनालाई वितरण)	५०.००%	८५०००
			श्री दयानगर कृषक समुहसियारी ४ (१२२ जनालाई वितरण)		४२५०००
			श्री छपिया कृषक समुह सियारी ४ (१३७ जनालाई वितरण)		४२५०००
			श्री उत्तम महिला कृषि सहकारी संस्था लि सियारी ७ अमवा (११६ जनालाई वितरण)		१०६२५०
			श्री भृकुटी कृषि तथा पशु विकास सहकारी संस्था लि. (२७ जनालाई वितरण)		३२१५५
जम्मा					९८३०००
६	सशर्त	धान वाली प्रवर्धन कार्यक्रम	श्री वहुउद्धेश्शीय कृषक समुह सियारी ५ (२५ जनालाई वितरण)	५०%,	६९५५०
			श्री मिलीजुली कृषक समुह सियारी ४ (२४		३९५७४०

			जनालाई वितरण)		
			श्री छपिया कृषि सहकारी संस्था लि सियारी ४ (२६ जनालाई वितरण)		६४६८०
			श्री किसान उत्थान कृषि तथा पशु पालन कृषक समुह सियारी ३ (१९४ जनालाई वितरण)		२५००९२
			श्री सम्वन्ध कृषि सहकारी संस्था लि. सियारी ३ (८१ जनालाई वितरण)		२९५५००
			श्री ज्ञानविज्ञान वीउ उत्पादक कृषि सहकारी संस्था लि. सियारी ६ (६२ जनालाई वितरण)		१४६६२५
			जम्मा		१००००००
७	सशर्त	आलु प्रवर्धन कार्यक्रम (आलुको बिउ , बिषादी , जैविक मल , आदीमा अनुदान वितरण)	किसान उत्थान कृषि तथा पशुपालन कृषक समुह सियारी ३ लक्ष्मीपुर (६४जनालाई वितरण)	५०.००%	२४००००
			मिलिजुली कृषक समुह सियारी ४ (२६ जनालाई वितरण)		२४००००
			हाम्रो सहकारी संस्था लि सियारी ४ छपिया (२६ जनालाई वितरण)		२४००००
			दयानगर कृषक समुह सियारी ४ (२८ जनालाई वितरण)		२४००००
			जम्मा		९६००००
कुल जम्मा					१७५३२०००

पशु तर्फ

अनुदानको किसिम	व्यक्ति संख्या	अनुदान रकम
प्रतिफलमा आधारित दुध उत्पादन कृषक अनुदान (दुधमा प्रति लिटर रु.२.५०)	९४८ किसान (१७ वटा डेरी मार्फत)	५५५१०००
प्रतिफलमा आधारित माछापालक कृषक अनुदान (माछा प्रति केजि रु. ५)	४०३	२५७५०००
घाँस (जै, वर्सिम ५० % अनुदान)	२१७	२५४०००
यान्त्रिकरण ५० % अनुदान	८०	१४२२०००
भै.लु.भु.ज. बोरिंग विद्युतमा अनुदान	१८ (जल उपभोक्ता समिति)	५६००००
	पशु तर्फ जम्मा	१०३६२०००
	कृषि तथा पशु तर्फ कुल जम्मा	२७८९४०००

६० उपभोक्ता समितिलाई विद्युत महशुल अनुदान

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १२ मा निर्माण कार्य सम्पन्न भएकपछि सार्वजनिक निकायले सोको रेखदेख , मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने साथै उपदफा १५ बमोजिम हस्तान्तरित आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क उपभोक्ता समितिले नै तोक्न सक्ने र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोष बाट त्यस्तो निर्माण कार्य संचालन तथा मर्मत सम्भार गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले नियमावलीको उक्त प्रावधान विपरित भैरवा, लुम्बिनी भुमिगत जल परियोजना (भै.लु.भु.ज) का १८ वटा सिंचाई जल

उपभोक्ता समितिलाई खपत विद्युत महशुलको ६० प्रतिशतका हिसावले गो.भौ.नं.१७-२०८०।८।१२ बाट अनुदान उपलब्ध गराएको छ ।

६१ **शिक्षण सहयोग अनुदान**

६१.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४० र ४१ मा शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो नगरी कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरीत निकासा दिएको छ । अतः न्युन विद्यार्थि रहेको विद्यालयलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

विद्यालयको नाम	विद्यार्थी संख्या	अनुदान शिक्षक संख्या
कक्षा ९ र १०		
विरेन्द्र मा. वि .	१०१	१
जंगहस्था मा. वि .	७८	२
गणसरी मा. वि .	४६	२
सिदार्थ मा. वि .	९६	२
समयमाई मा. वि .	८८	२
कक्षा ६ देखि ८		
छपिया आ. वि .	९०	१
जंगहस्था मा. वि .	६७	१
जनज्योती मा. वि .	४३	१
दुर्गादेवी मा. वि .	९०	२
कोटई आ. वि .	६३	१
त्रिवेणी आ. वि .	८६	१
विवेशिल आ. वि .	४३	१
सरस्वती आ. वि .	३१	१
जम्मा		१८

६१.२ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४० र ४१ मा माध्यमिक विद्यालय (कक्षा ९ र १०) मा अङ्ग्रेजी , गणित र विज्ञान तथा प्रविधि जस्ता अनिवार्य विषयमा शिक्षक व्यवस्थाको लागि बजेटको परिधि भित्र रही कुनै पनि दरवन्दी , राहत अनुदान नभएका शुन्य दरवन्दी भएका विद्यालयलाई न्युनतम २ र १ दरवन्दी भएकालाई १ थप गरी न्युनतम २ शिक्षक बरारको

अनुदान र आधारभुत विद्यालय (कक्षा ६ र ८) मा अंग्रेजी गणित विज्ञान जस्ता विषयमा शिक्षक व्यवस्थापनका लागि शुन्य दरवन्दी भएका विद्यलयलाई न्युनतम एक शिक्षक बराबरको अनुदान उपलब्ध गराउने र नियम अनुसार शिक्षक भर्ना भएपछि प्रति शिक्षक मा.वि.का लागि मासिक रु.४३६८९ का दरले र आ.वि.का लागि प्रति शिक्षक मासिक रु.३४७३० का दरले चाँड पर्व खर्च समेत १३ महिनाको पारश्रमिक उपलब्ध गराउने व्यवस्था छ। तर पालिकाले त्रिवेणी आ.वि. (कक्षा ६ देखि ८) मा ८६ विद्यार्थी रहेको र स्थायी दरवन्दी – १ , राहत दरवन्दी -१ गरी २ दरवन्दी भएको अवस्थामा समेत १ शिक्षण सहयोग अनुदानको थप गरी वार्षिक रु.३ लाख ९४ हजार खर्च लेखेको छ। साथै कक्षा ९ र १० मा विरेन्द्र मा.वि.मा १०१ विद्यार्थी रहेको र राहत दरवन्दी दुई रहेको अवस्थामा एक शिक्षण सहयोग अनुदानको दरबन्दी थप गरी वार्षिक रु,४ लाख ९४ हजार खर्च लेख्नुका साथै सिदार्थ मा.वि.मा एक स्थायी दरवन्दी हुँदा समेत दुई शिक्षण सहयोग अनुदानका शिक्षक नियुक्ति गरी वार्षिक रु. ४ लाख ९६ हजार समेत तीन विद्यालयमा कार्यान्वियन पुस्तिकामा उल्लेखित व्यवस्था विपरित शिक्षक विद्यार्थी अनुपात विश्लेशण नगरी शिक्षक नियुक्त गरी रु.१३ लाख ४४ हजार खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१३,४४,०००

६२ **राष्ट्रिय शिक्षा नीतिको कार्यावन्वयन**

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्यांकन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड बनाई सो अनुसार अनुगमन गरेको छैन।तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिक गर्नु पर्दछ ।

६३ **शिक्षक दरबन्दी तथा पदपूर्ति र विद्यार्थी संख्या**

शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । साथै नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । पालिका अन्तर्गतका निम्नानुसार २८ वटा सामुदायिक विद्यायलहरुको शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपातको विवरण निम्नानुसार छ।

क्रस	विद्यालयको नाम	शिक्षक दरवन्दी				दरबन्दी बाहिरका शिक्षक				विद्यार्थी विवरण				
		मावि तह	आवि	प्रावि	जम्मा	माध्यमिक	आवि	प्रावि		मावि	आवि	प्रावि	जम्मा	अनुपात
१	छपिया आवि	०	०	७	७		२				९०	२००	२९०	३२
२	चिल्हिया मावि	५	३	७	१५					१७८	१२८	१५८	४६४	३१
३	मैनहिया मावि	६	३	९	१८			१		३०७	१९४	२६५	७६६	४०
४	वीरेन्द्र मावि	२	३	७	१२	२				१७६	१६४	१२०	४६०	३३
५	जनता मावि	७	३	७	१७					१९८	१३१	१७९	५०८	३०
६	जंगहत्था मावि	०	०	५	५	२	१	१		७८	६७	१२०	२६५	२९
७	गणसारी मावि	०	०	७	७	२	१			४६	९०	१३०	२६६	२७
८	पब्लिक मावि	८	४	५	१७	२	२	२		७६९	४०९	४९१	१६६९	७३
९	सिद्धार्थ मावि	३	३	६	१२	२	२			२३७	८२	१२२	४४१	२८
१०	जनज्योती आवि	०	०	५	५		१	१			४३	१०८	१५१	२२
११	जनता आवि	०	०	७	७		१				४९	११०	१५९	२०
१२	दुर्गादेवी मावि	०	०	५	५	२	३	२		६९	१५८	३३७	५६४	४७
१३	बालकल्याण प्रावि	०	०	३	३							९९	९९	३३
१४	सिद्ध प्रावि	०	०	४	४							१३५	१३५	३४
१५	समयमाइ मावि	०	२	६	८	३		१		८८	१२८	१२६	३४२	२९
१६	रामजानकी प्रावि	०	०	३	३			२				५८	५८	१२
१७	ज्ञानोदय आवि	०	०	३	३		२	१			६१	८७	१४८	२५
१८	कोटही आवि	०	०	६	६		१				६६	१२४	१९०	२७
१९	नवदुर्गा प्रावि	०	०	३	३							१०७	१०७	३६
२०	जनज्योती प्रावि	०	०	३	३			१				७४	७४	१९
२१	मदरसा प्रसौनी	०	०	०	०							८५	८५	
२२	त्रिबेणी आवि	०	२	५	७		३				८६	१६५	२५१	२५
२३	विवेकशील आवि	०	०	४	४		२	१			४०	१७२	२१२	३०
२४	मदरसा वोहरवा	०		०	०							७९	७९	
२५	आकाशरवी प्रावि	०	०	२	२			३				१४४	१४४	२९
२६	मदरसा मैनहीया	०		०	०							५६	५६	
२७	भगदरी प्रावि	०	०	०	०			४				७५	७५	१९
२८	सरस्वती आवि	०	०	२	२		१	३			३१	८८	११९	२०
		३१	२३	१२१	१७५	१५	२१	२०		२१४६	२०१७	४०१४	८१७७	

पालिकाबाट प्राप्त सामुदायिक विद्यालयका शिक्षक दरबन्दी तथा विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा पब्लिक मा.वि.मा १६६९ जना विद्यार्थी रहेकोमा २३ जना मात्र शिक्षक रहेका छन् । जुन शिक्षक विद्यार्थी अनुपात १:७३ रहेको छ । अर्थात १ जना शिक्षकले ७३ जना विद्यार्थी व्यवस्थापन गरेको देखिन्छ भने रामजानकी प्रा.वि. मा ५८ जना विद्यार्थी रहेकोमा ५ जना शिक्षक रहेका छन् । जुन शिक्षक विद्यार्थी अनुपात १:१२ अर्थात १ जना शिक्षकले १२ जना मात्र विद्यार्थीहरुलाई व्यवस्थापन गर्नुपर्ने अवस्था छ । १९ विद्यालायहरुमा ५६ जना शिक्षक करारमा नियुक्त छन। स्थायी दरबन्दी अनुसार सबै पदपूर्ती भएपनि करार शिक्षक समेत शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नभई शिक्षकको संख्या बढी विद्यार्थी संख्या कम भई अनुपात कम देखिएकोले मापदण्डले तोकिए अनुसार अनुपात कायम गर्न विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन करार दरवन्दी घटाई विद्यालय मर्जर, दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ ।

६४ तलव निकासा

शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १२६ (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । यसरी पारीत तलवी प्रतिवेदन अनुसार सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यारत शिक्षकहरुको तलवी माग फारम रुजु गरी विद्यालय अनुसार शिक्षकहरुको पद ,तह र नाम नामेसी उल्लेख गरी पेरोल तयार गरी निकासा दिनुपर्नेमा पालिकाले यस वर्ष शिक्षकको तलव भत्ता निकासा गर्दा पेरोल तयार नगरी केवल विद्यालयको माग फारामको आधारमा मात्र २८ विद्यालयहरुमा आ.वि. तर्फ रु. ७ करोड ६९ लाख ४६ हजार र मा.वि.तर्फ रु. २ करोड ३ लाख ५६ हजार गरी जम्मा रु. ९ करोड ७३ लाख २ हजार तलव भत्ता शीर्षकमा निकासा दिएकोले तलवी माग फारम र खर्च यथार्थपरक छ भन्न सकिएन । अतः माग फाराम रुजु गरी तलबी सिट बनाई सोही आधारमा निकासा दिनु पर्दछ।

६५ बढी निकासा

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा भएको रकम असूल गर्नुपर्ने व्यवस्था छ । पालिकाले तशिलमा उल्लेख भए बमोजिम बढी निकासा दिएको छ।

६५.१ चिलिया मा.वि.का निमावि तृतीय शिक्षक अनन्त तिवारी मिति २०८०।३।१८ मा अवकाश भएकोमा चौथो त्रैमासिक निकासा दिदाँ मासिक रु. ५० हजार ७९३ ले हुन आउने १८ दिनको रु. ३० हजार ४७६ निकासा दिनुपर्नेमा रु. ५० हजार ७९३ निकासा दिएकोले बढी निकासा असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२०,३१७

६५.२ चिलिया मा.वि. लाई प्रथम चौमासिक निकासा रु. ११ लाख २० हजार ८३५ दिनुपर्नेमा प्रा.वि. द्वितीय शिक्षक श्री तुल बहादुर पछाई मिति २०८०।५।१६ मा अवकास भएकोमा निजको १ महिना १५ दिनको मात्र तलव भत्ता हिसाब गरी निकासा दिनुपर्नेमा चाँडपर्व खर्च रु. ६७०७ समेत रु. १३५६९०९ निकासा दिएकोले बढी निकासा असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,३६,०७४

६६ छात्रावृत्ति अनुदान

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.७.२.१.१ मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या एकिन गरी छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहाय अनुसार विद्यालयमा रु १८००८००।- निकासा गरेको छ। EMIS मा प्रवृष्टि

भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन। अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

क्र. सं .	विद्यार्थी संख्या	अनुदानको प्रकार	रकम
१	३४३	दलित छात्रावृति (१ – ८)	१३७२००
२	२९५९	छात्रा छात्रवृत्ति (कक्षा १ - ८)	११८३६००
३	१२	विशेष शिक्षा स्रोत कक्षा आवसीय दृष्टिविहिन छात्रवृति (वार्षिक ४० हजारका दरले)	४८००००
			१८००८००

६७ एकमुष्ठ अनुदान

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को २.८.९ क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पानदनमा आधारित प्रोत्साहन अनुदान (९.९) अन्तर्गत छनौटमा परेका शिक्षक दरवन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयलाई स्थानीए तहले करार सम्झौता अनुसार काम सम्पादन गर्ने सर्तमा प्रति विद्यालय वार्षिक एकमुष्ठ अनुदान रु. १० लाख उपलब्ध गराउने व्यवस्था छ। उक्त कार्यान्वियन पुस्तिका तथा वार्षिक एकमुष्ठ अनुदानबाट विद्यालय संचालन गर्ने कार्यविधि २०७६ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रका अनुदान लिने विद्यालयसंग शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तोके अनुसारको ढाँचामा विद्यालय संचालन गर्नकालागि करार सम्झौता गर्नुपर्ने , अनुदान प्राप्त गर्ने शर्त पुरा गरेको सुनिश्चित भए नभएको यकिन गरी शर्त र आधार पुरा गरेका विद्यालयलाई भाद्र मसान्त भित्र एकमुष्ठ अनुदान उपलब्ध गराउनु पर्ने , छनौट भएका विद्यालयलयले स्थानीय तह संग गरेको करार सम्झौता अनुसार काम गर्नु पर्ने र अनुदान प्राप्त गर्ने विद्यालयले आफुले गरेको काम तथा प्रगतिको सम्बन्धमा प्रतिवेदन तयार गरी चौमासिक रुपमा स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय ईकाईमा पेश गर्ने आदी व्यवस्था छ। तर पालिकाले कार्यान्वियन पुस्तिका तथा कार्यविधि विपरित विद्यालय संग करार सम्झौता नगरी तथा एकमुष्ठ अनुदान उपलब्ध नगराई तपशिल अनुसार ४ किस्तामा भागदरी प्रा. वि.लाई अनुदान उपलब्ध गराएको र प्रगति विवरण समेत पेश नगरेको नियमसम्मत नदेखिएको रु.

गो. भौ . नं . र मिति	किस्ता	निकासा रकम
८- २०८०।६।१४	प्रथम	२९४६००
५२- २०८०।१०।७	दोस्रो	२०३१००
१३२- २०८०।१२।२६	तेस्रो	२३३१००
१८०- २०८१।२।३०	चौथो	२६९२००

अनियमित भएको	१०,००,०००

६८ कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६९ सार्वजनिकरण नगरेको

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि

बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकासंग निशुल्क शिक्षाकालागि संस्थागत विद्यालयहरुले आरक्षण उपलब्ध गराएको विवरण माग गर्दा प्राप्त भएन। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

७० कार्य सम्पादन सम्झौता

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ को ९.७ मा नमुना विद्यालयको गुरुयोजना समेत स्थानीय तहबाट स्विकृति भई संचालनमा रहेका विद्यालयमा नमुना विद्यालय विकास एवम् संचालन निर्देशिका २०७४ बमोजिम छनौट भएका प्र.अ. तथा माध्यमिक तहका विषयगत शिक्षकले गुरुयोजना कार्यान्वियन गर्नको लागि अतिरिक्त समय समेत खट्नु पर्ने र विद्यालयको सिकाई उपलब्धि अभिबृद्धि गर्नका लागि स्रोत सामाग्रीको व्यवस्थापनमा सहयोग गर्न विद्यालयले प्रोत्साहन गर्ने व्यवस्था छ । यसकालागि विद्यालय व्यवस्थापन समितिले विनियोजित रकम मध्ये ५० प्रतिशत प्रध्यानध्यापक र ५० प्रतिशत अन्य विषयगत शिक्षक संग अनुसूची १३ मा उल्लेख गरेका विषय वस्तु समावेश गरी नतिजामा आधारित कार्य सम्पादन करार गर्नु पर्ने व्यवस्था छ। कार्य सम्पादन सम्झौता बमोजिमको नतिजा विद्यालय व्यवस्थापन समिति बाट सिफारिस प्राप्त भएपछि प्रति विद्यालय रु.२ लाखका दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले कार्य सम्पादन सम्झौता बमजिमको नतिजा विद्यालय व्यवस्थापन समितबाट प्राप्त नगरी पब्लिक मा.वि.लाई शैक्षिक गुणस्तरमा सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान रु,२०००००।- नियम विपरित उपलब्ध गराएको रु.

अनियमित भएको	२,००,०००

७१ परिक्षा संचालन खर्च

कार्यक्रम कार्यावन्वयन पुस्तिका २०८०।८१ को २.८.१५ क्रियाकलाप नं. २.७.१३.३०२ को उपक्रियाकलापमा कक्षा ८ को परिक्षा संचालन तथा प्रमाणिकरण एवम् विद्यार्थी मुल्याङ्कनको लागि प्रति विद्यार्थी वार्षिक रु. २७५ खर्च गर्न सकिने र उक्त क्रियाकलापमा बजेट अपुग भएमा स्थानीय तहबाट थप बजेट व्यवस्था गरी कार्यान्वियन गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष परिक्षा संचालनको लागि कक्षा ८ का १८ सामुदायिक विद्यालयका ७४१ र १० संस्थागत विद्यालयका २१६ जना विद्यार्थीको परीक्षा संचालन खर्च वापत गो.भौ.नं. २३८-२०८०।३।२० बाट रु.२६६३९७।- खर्च गरेकोमा संस्थागत विद्यालयका परिक्षार्थी २१६ जनाको रु.2७५ का दरले हुन आउने रु,५९४००।- संघीय ससर्त बजेटबाट खर्च गर्न नमिल्नेमा उक्त शीर्षकबाट संस्थागत विद्यालयका विद्यार्थीको परिक्षा संचालन खर्च विद्यालयबाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	५९,४००

७२ उत्कृष्ट विद्यालय अनुदान

कार्यक्रम कार्यान्वियन पुस्तिका , २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ (९.३) अनुसार आधारभूत तर्फ १०० विद्यार्थी र माध्यमिक विद्यालय तर्फ २०० विद्यार्थी भएका विद्यालयहरु मध्ये सामाजिक परीक्षण मापडण्ड २०७८ ले तोकेको विधि ,पद्धती र प्रकृया बमोजिम उच्च अंक प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः ३ लाख र २ लाख निकासा गर्ने व्यवस्था छ। सो बमोजिम सिदार्थ मा.वि. ले ८३ र दुर्गा देवी मा.वि.ले ८२ अंक प्राप्त गरेको पालिकाले जनाएको छ। कार्यावन्यन पुस्तिका बमोजिम ति विद्यालयहरुलाई क्रमशः ३ लाख र २ लाख निकासा दिनुपर्नेमा सो अनुसार नदिई जम्मा ५०/५० हजार मात्र अनुदान दिई बाँकी रकम पालिकाले उक्त व्यवस्था विपरित क्रमश: जनता आ.वि.लाई ५० हजार, विरेन्द्र मा.वि.लाई ५० हजार, त्रिवेणी आ.वि.लाई १ लाख २५ हजार र छपिया आ.वि.लाई १ लाख ७५ हजार गरी जम्मा रु. ४०००००।- अनुदान दिएको नियमसंगत नदेखिएको रु.

अनियमित भएको	४,००,०००

७३ **विद्यालयलाई प्रति विधार्थी अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.२३.५० मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई (सत्यापन) गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहाय अनुसार प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि २८ विद्यालयमा रु.२०८६४००।- निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई (सत्यापन) नगराइ IEMIS मा उल्लेखित विद्यार्थी संख्या यकिन गरी अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अनुदानको शिक्षा समिति गठन गरी अनुगमन समेत गरेको पाईएन । अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

क्र. सं.	विद्यार्थी संख्या	अनुदानको प्रकार	रकम
१	१२५७	प्रति विद्यार्थी इकाई लागतका आधारमा प्रारम्भिक वालविकास / पुर्व प्राथमिक कक्षाकालागि अनुदान (ECD अनुदान रु. ५०० का दरले)	६२८५००
२	३४१०	कक्षा १ – ५ (रु. १५० का दरले)	५११५००
३	२२१८	कक्षा ६ – ८ (रु. २०० का दरले)	४४३६००
४	१२७९	कक्षा ९ – १० (रु. २०० का दरले)	२५५८००
५	७०८	कक्षा ११ – १२ (रु. २५० का दरले)	१७७०००
	७००	सकाइका लागि निरन्तरण विद्यार्थी मुल्यांकन, आवश्यक सामाग्री तथा सुधारात्मक शिक्षण अनुदान (कक्षा १ रु, १०० का दरले)	७००००
		जम्मा	२०८६४००

बढी निकासा - प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि (कक्षा ६-८) प्रति विद्यार्थी अनुदान रु. २०० का दरले उपलब्ध गराउँदा IEMIS मा उल्लेखित विद्यार्थी २०१७ भएकोमा अनुदान दिदा २२१८ विद्यार्थीको लागि निकासा दिएकोले २०१ विद्यार्थीकालागि रु .२०० का दरले हुन आउने रु.८०४०० बढी निकासा असुल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	८०,४००

७४ **क्याम्सलाई अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यन्वयन निर्देशिकामा स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यामिक विद्यालय तहसम्म तलव भत्ता तथा विद्यालय गतिविधिसंग सम्वन्धित क्रियाकलापमा खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले माध्यामीक तह सम्मका विद्यालयमा मात्र बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले विभिन्न ५ कार्यक्रमका लागि बजेट व्यवस्थापन गरी लिलाधर घिमिरे छपिया जनता कलेजको व्यवस्थापन र शिक्षकको तलब भत्ताको लागि रु.२१६९००००।- खर्च लेखेको छ । क्याम्पसलाई विश्व विद्यालय अनुदान आयोग तथा अन्य प्रदेश सरकारबाट अनुदान पाउने गरेकोमा पालिकाको कार्य क्षेत्र वाहिर गई खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	२१,६९,०००

७५ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २६६६ जना रहेका छन। पालिकाले गो.भौ.नं २३७-२०८१।३।२० -ए.जि. हेल्थ इन्ड्रस्टिज प्रा.लि. बाट Surgical pad regular 240mm 8pcs को रु.

२०.२५ प्रति प्याकेटका दरले २२००० प्याकेट स्यानिटरी प्याड रु.४ लाख ४५ हजार ४९१ (मु.अ.कर समेत) मा खरिद गरी १९२२१ प्याकेट विद्यालयमा वितरण गरी २७७९ प्याकेट मौज्दात रहेको देखाएको छ। विद्यालयले भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्न सक्ने वा नसक्ने अवस्थाको आंकलन नगरी हस्तान्तरण गरेको पाइयो । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तर ह्रास नआउने गरी भण्डारण क्षमता विश्लेषण गरेर मात्र प्याड खरिद तथा हस्तान्तरण गर्नु पर्दछ। साथै पालिकाले सेनेटरी प्याडको वितरण र प्रयोग अवस्थाको अनुगमन गरेको छैन । विद्यालयले वितरण र प्रयोग अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा नपठाउँदा प्याडको आवश्यकता अनुसार वितरण र प्रयोगको अवस्था यकिन हुन सकेन । यसर्थ पालिकाले आवश्यक अनुगमन गरी विद्यालयलाई प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ ।

७६ **निःशुल्क पाठ्यपुस्तक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.३ क्रियाकलाप नं. २.४.६.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै उपलब्ध गराउने, विद्यार्थीले पाठ्यपुस्तक बुझेको भर्पाई स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले पाठ्यपुस्त समयमा उपलब्ध अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाइ आवश्यक अनुगमनको व्यवस्था मिलाउने आदि व्यवस्था छ । यस पालिकाले यो वर्ष गो.भौ.नं. १३२-०८०।१२।२६ बाट रु. ३७५६०००।- ,गो.भौ.नं. २०३-०८१।३।१३ बाट रु. १२२०६८५।– र गो.भौ.नं. २५०- २०८१।३।२१ बाट रु.२८८९९ गरी ऐच्छिक विषय समेत जम्मा रु. ५००५६६२ कक्षा १ देखि १२ सम्मका ७११६ विद्यार्थीकालागि पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको भएपनि विद्यालयले पाठ्यपुस्तक समयमा उपलब्ध गराए नगराएको पालिकाले अनुगमन गरेको पाइएन । अत: आवश्यक संयन्त्र बनाई पाठ्यपुस्तक वितरणको अनुगमन हुनुपर्दछ।

७६.१ **दिवा खाजा**- शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्ने व्यवस्था छ । पालिकाले कक्षा बालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु. १५ का दरले दिवा खाजा वापत २८ विद्यालयका ५५७७ विद्यार्थीकालागि औषत १३५ दिनमा वर्षभरीमा ७५१००५ दिन विद्यार्थी उपस्थित भएको जनाई रु. १ करोड १२ लाख ६५ हजार ७५।- अनुदान उपलब्ध गराएको छ। यस सम्बन्धी देखिएका व्यहोराहरु निम्न छन् :

१. स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयको प्रध्यानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकीन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने , यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्नेमा केहि विद्यालयको नमुना परीक्षण गर्दा आंशिक रुपमा मात्र अध्यक्ष र प्र. ले प्रमाणित गरेको पाइयो भने अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिइएको पाइएन।

२. विद्यालयबाट संचालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गरी दिवा खाजाको मापदण्ड गुणस्तर व्यवस्थापनका नमुना अनुसूची ४ मा राखे बमोजिम कार्यान्वियन गर्नु पर्नेमा स्थानीय निकायले अनुगमन गरेको पाइएन।

३. विद्यालयले स्थानीय कृषक संग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण र बील भर्पाई सुरक्षित रुपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमिति बाट अनुमोदन गर्ने व्यवस्था अनुसार बील भर्पाई राखे पनि अनुमोदन भएको पाइएन।

४. विद्यार्थीको उपस्थित दिन गणना गर्दा विद्यार्थी उपस्थित भएको विस्तृत हाजिर संलग्न गरी कुल उपस्थिति दिन गणना गर्नु पर्नेमा विस्तृत हाजिर विवरण संलग्न गरेको पाइएन।

७६.२ **अनुगमन मापदण्ड नबनाएको :** राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।साथै निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ

७७ **न्यानो झोला**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको स्थानीय तहबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धि मार्गदर्शन २०८०।८१ मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्य संस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस वर्ष गो.भौ.नं. २५१-२०८१।३।२२ बाट खुला कोटेशन मार्फत द ओसन सर्जिकलबाट ५०० थान गरी प्रति थानको रु. ९९८.३५ (भ्याट समेत) रु. ४४९१७५ को खरिद गरेकोमा यस पालिका अन्तर्गतका २ वटा बर्थिङ सेन्टरमा यस वर्ष ३४९ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाले उक्त सुत्केरीहरुलाई ३४९ थान वितरण गरी १५१ थान भण्डारणमा मौज्दात रहेको विवरण दिएको छ। साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सशर्त अनुदान अन्तर्गतका क्रियाकलाप सम्बन्धी मार्गदर्शन २०८०।८१ को मातृ तथा नवजात शिशु कार्यक्रम संचालन शीर्षकको बुँदा नं. २ को न्यानो झोला कार्यक्रम अन्तर्गत प्रत्येक न्यानो झोलाको लागि हिमाली जिल्लामा रु. १००० तथा पहाडी तथा तराई जिल्लाकालागि रु. ९०० का दरले बजेट व्यव्था गरी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार तोकिएको स्पेशिफिकेसन अनुसारको न्यानो झोला खरिद गर्नु पर्ने र न्यानो झोला आपूर्ति भईसकेपछि स्पेशिफिकेसन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर चेक गराई भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले द ओसन सर्जिकल बाट खरिद गरिएका ५०० थान झोलाहरु भ्याट समेत ९९८.३५ का दरले खरिद गर्दा प्रति थानमा रु.९८.३५ ले हुन आउने रु. ४९१७५।- थप आर्थिक व्यभार परेको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	४९,१७५

७८ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २५ लाख सम्मको औषधिजन्य माल सामान माल सामानको उत्पादकले राष्ट्रिय स्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । पालिकाले यस वर्ष तपशिल अनुसार औषधि तथा सर्जिकल सामाग्रीहरु रु. २६ लाख ३१ हजारको औषधि खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

फर्मको नाम	ठेक्काबाट खरिद रकम	सिधै खरिद रकम	जम्मा खरिद रकम
चुनचुन फार्मेसी	४९९०००	१३०९०००	१८०८०००
समुन्द्र मेडिको फर्मा	५४७०००	-	५४७०००
लुम्बिनी सर्जिकल प्रालि	-	२७५०००	२७५०००
	१०४७०००	१५८४०००	२६३००००

- खरिद भएका औषधिहरुको मूल्य उप्पादकले राष्ट्रियस्तरको समचार पत्रमा मूल्यसूची प्रकाशन गरेको उत्पादकबाट उप्पादित औषधि पालिकाले खरिद गरेको छैन ।
- स्टोर दाखिला हुनुअधि औषधिको उत्पादन मिति, ब्याच नम्बर र म्याद समाप्त हुने मिति, उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख गरी समन्धित विषयविज्ञबाट प्रमाणित गराइ निरीक्षण प्रतिवेदन (Inspection Report) तयार गरी मुचुल्का उठाई राख्ने गरेको छैन ।
- पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन।
- औषधिको जिन्सी दाखिला गर्दा खरिद गरेको र हस्तान्तरण भइ आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाधेको छैन ।
- खरिद भएका औषधिहरु स्टोर दाखिला गर्दाको समयमा १८ महिना भन्दा बढी म्याद भएको अर्थात सेल्फ लाईफको ७५ प्रतिशत म्याद हुनुपर्ने व्यवस्था छ। चुनचुन फार्मेसीबाट खरिद गरी मिति २०८१।२।३ अर्थात (२०२४ मे २४) मा दाखिला गरिएका ५५ प्रकारका औषधिहरु मध्ये १५ प्रकारका औषधिहरु र समुन्द्र मेडिको फर्मबाट खरिद गरिएका ५९ प्रकारका औषधिहरु (स्टोर दाखिला मिति २०८०।९।२४ अर्थात (२०२४ जनवरी ९) मध्ये ६ प्रकारका औषधिहरु दाखिला मितिका हिसाबले १८ महिना सम्मको कम्तिमा म्याद हुनुपर्नेमा सोभन्दा कम अवधि भएका औषधिहरु खरिद गरिएको छ। अत: पालिकाले खरिद भएका औषधिहरुको सबै विवरण खुलाई औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

७९ **सुरक्षित नागरिक आवास कार्यक्रम**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ अनुसार छनौटको आधार तथा पहिचान यकिन गरी लाभग्राही छनौट गर्नुपर्ने र छनौट भएका लाभग्राहीलाई अनुदान दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाको लागि यस सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सियारी गाउँपालिकामा जम्मा २२२ जनालाई छनोट गरीएकोमा २१४ जना संग मात्र सम्झौता भएको देखिन्छ ।जस अनुसार प्रथम किस्ता (६०प्रतिशत) लैजाने २१४ जना मध्ये १७४ जनाले २०७६।७७ देखि २०७९।८० सम्म कार्यसम्पन्न प्रतिवेदन समेत पेश गरी बाँकी ४० प्रतिशतले हुन आउने रकम समेत लगेको पाइयो। बाँकी ४० जना मध्ये आ.व. २०८०।८१ मा जम्मा २१ जनाले कार्यसम्पन्न प्रतिवेदन पेश गरी दोस्रो किस्ता समेत लगेका छन् भने बाँकी १९ जना मध्ये २ जनाले प्रथम किस्ताको निकासा फिर्ता गरेको पाइयो। जसमध्ये १७ जनाले अझै सम्मपनि कार्यसम्पन्न गरी फछ्र्यौट गरेका छैनन्।तसर्थ १७ जनाको प्रथम किस्ता वापतको रकम रु. ३०००० (६० प्रतिशत) को दरमा फछ्र्यौट गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	५,१०,०००

८० **तालिम संचालन**

मेडपा संचालन निर्देशिका ,२०७० को भाग १२ तालिमबाट उत्पादित सामानको व्यवस्थापन सम्बन्धी खण्डको बुँदा नं. ४२ मा तालिमबाट उत्पादित सामानहरु सहभागिलाई नै छुटमा बिक्रि गर्न सकिने र त्यसरी बिक्री बाट प्राप्त रकम लघु उद्यम विकास कोषमा जम्मा गर्नु पर्ने तथा विक्री हुन नसकेका सामानहरुको विवरण पालिकामा बुझाई स्टोर दाखिला गर्नु पर्ने साथै दाखिला भएका सामानको विक्री प्रक्रिया अगाडि बढाई बिक्री गरेर आएको रकम सोही कोषमा जम्मा गर्नु पर्ने , भाग १६ को बुदाँ नं. ४६(१) मा तालिम कार्यक्रमको अनुगमन मुल्यांकन गर्नु पर्ने व्यवस्था छ।पालिकाले तपशिल अनुसार तालिम संतालन गरी रु. ६ लाख ३१ हजार ४४०

खर्च लेखेकोमा तालिम कार्यक्रमको अनुगमन गरी उद्यमीले व्यवसाय संचालन गरे नगरेको सम्बन्धमा प्रभावकारी मुल्यांकन गरेको छैन भने तालिम बाट उत्पादित सामाग्रीको बिक्री वितरण वा स्टोर दाखिला गरी विक्री गरेर आएको रकम उक्त कोषमा जम्मा गरेको पाइएन। अत: तालिमबाट उत्पादित सामानको निर्देशिका अनुसार हिसाब राखी अनुगमन गरी तालिम प्रभावकारिताको मुल्यांकन हुनुपर्दछ।

तालिमको नाम	तालिम अवधि	सहभागि संख्या	तालिम खर्च
सिलाईकटाई सिपविकास तालिम	६५ कार्यदिन (३९० घण्टा)	२७	३४९१७०
सिलाईकटाई एडभान्स तालिम	३० कार्यदिन (१८० घण्टा)	२०	१९५०००
उद्यमशिलता विकास तालिम	७ कार्यदिन	-	८७२७०
जम्मा			६३१४४०

८१ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ६ वटा योजना संचालन गरी ७४ जनालाई औषत ८०.९७ दिनसम्म रोजगारी उपलब्ध गराई रु ४० लाख ३ हजार खर्च गरेको छ । नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

(क) दुर्घटना बिमा: निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वियन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।

(ख) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ ।

८२ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा , परिचयपत्र वितरण अनिवार्य रुपमा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन्

८२.१ **भत्ता निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको व्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरुको खातामा दाखिला गर्न पहिलो ,दोस्रो, तेस्रो र अन्तिम चौथो त्रैमासिक गरी जम्मा रु, १५ करोड १६ लाख ७ हजार ६७७ प्रथम किस्ता बैंक मार्फत र अन्य किस्ता EFT मार्फत

निकासा गरेको देखिन्छ ।तर नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र लाभग्राही समक्ष रकम EFT गरेको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र सम्बन्धित खातामा रकम पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

८२.२ **हिसाब मिलानः** सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामा जम्मा भई कुनै कारणबश खाता बन्द गर्नुपर्दा वा लगतकट्टा गर्नुपर्दा बाँकी रकम १५ दिन भित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले लाभग्राहीलाई विभिन्न त्रैमासिकको रकम भुक्तानी गर्दा लगतकट्टा भएको अवस्थामा होल्डमा बसेको रकम समयमै फिर्ता गरेको पाइएन । आर्थिक वर्षको अन्त्यमा मात्र हिसाब मिलान गरी बाँकी रकम फिर्ता गरेको पाइयो । यसमा पालिकाले ध्यान दिनु पर्दछ।

८२.३ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,६६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,७१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,३३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,५१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,८६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,९३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,६५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,२६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,१९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,८६६** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,९८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,६३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,३३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,७१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,०९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७,५८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,०६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,१९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,४२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,२०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,०६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,६७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,१२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,६७४** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,८७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,५४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,८३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,३२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,४६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८३ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. १० लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा योजना तथा कार्यक्रमहरु रु.१० लाख भन्दा घटीको बजेट तथा कार्यक्रम तयार गरी सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन । सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा गर्न तर्फ ध्यान दिनुपर्दछ । सोझै खरिद गरेको उदाहरण निम्न छन :

सि. नं.	कार्यक्रम	आपूर्तिकर्ता।सप्लयायर्स।निर्माण व्यवसायीको नाम	लागत अनुमान	सम्झौता रकम	भुक्तानी रु
१	ह्युम पाइप खरिद/जडान	के.आर.आर. सप्लार्स	300000	298362	298362
२	Procurement & Installation of Hume Pipe at Different wards(1,3,4,5,6&7)	M.K. Industeries Pvt. ltd	974343	974343	974343
३	ह्युमपाइप खरिद/जडान	गौतम बुद्ध ह्युम पाइप उद्योग तथा सप्लार्यस प्रा.लि.	198817	198817	198817
४	पशु सेवा केन्द्र भवन पि.सि.सि.ढलान तथा ह्युम पाइप जडान	नरनारायण निर्माण सेवा	330294	325506	324497
५	पश्चिम अमवा खानेपानी सामाग्री खरिद	श्री नेपाल ब्ल्याकगोल्ड एण्ढ एलाईट ईण्डस्ट्रिज प्रा.लि.	500000	499008	491372
६	दयानगर खानेपानी सामाग्री खरिद	ए.एम. ट्रेडर्स	500000	476939	476939
७	चार इन्च कप्टी सिचाई बोर खरिद तथा वितरण	अमुवा छड सिमेन्ट केन्द्र	989062	989063	989063
८	वडाको मो.वा.ग्राभेल स्तरोन्नती	न्यु जि.एस.ट्रेडर्स	500000	478658	478497
९	बैदौली गाउँदेखी वुद्ध विहार कृषि सडक ग्राभेल	बाउन्न कोटी कन्स्ट्रक्सन	400000	379625	378854
१०	गाउँपालिकाका मुख्य मुख्य सडकहरु मर्मत(वडाभरी)	रिजेन्सी बिल्डर्स	769000	749101	753131

८४ **कम्प्युटरजन्य सामाग्री खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष देहाय अनुसार को कम्प्युटर, ल्याप्टप, प्रिन्टर, प्रोजेक्टर जस्ता सामाग्री रु. १९ लाख ६४ हजार खरिद नियमानुसार रु.१० लाख भन्दा बढीको खरिद कार्य सिलबन्दी दरभाउ पत्र मार्फत गर्नुपर्नेमा पटक पटक खरिद गरेको नियमानुसार देखिएन । यसरी प्रतिष्पर्धा सिमित हुने गरी सोझै खरिद गर्नु हुँदैन । पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद कार्य गर्नुपर्दछ ।

पालिकाले सरुवा भएका कर्मचारीबाट फिर्ता लिएको, मौजदात र गत विगतमा खरिद भएकाको अवस्था र उपयोग स्थिति एकिन गरेर मात्र खरदि गर्नुपर्दछ ।

भौ।मिति	आपूर्तिकर्ता	सामाग्री	रकम रु
८।०८०।६।१८	दुर्गा भगवती ट्रेड लिंक	मोवाईल खरिद	६००००
१४।०८०।६।२६	श्री भैरव ट्रेडिङ्ग	मोवाईल खरिद	४९५००
१७।०८०।६।३०	श्री सिद्धवावा कम्प्युटर्स	८ वटा dell desktop and 10 canon G2010 printer	४६७०००
१९९।०८१।३।७			४६५१५०
२२७।०८१।३।१४	अल्टरनेटिभ पावर सप्लायर्स	३ वटा ल्यापटपखरिद	२८५१००
२२८।०८१।३।१४	सिल्वरलाइन मल्टीपर्पस प्रा लि	माईक तथा विभिन्न मसिनरी खरिद	१३४२७२
२५७।०८१।३।२१	ल्यापकम टेक्नोलोजी	ल्यापटप खरिद	१३७३९९
२६४।०८१।३।२१	अल्टरनेटिभ पावर सप्लायर्स	डेल मनिटर खरिद	८६५५०
९४१।०८१।३।२१	नासा कम्प्यूटर	ल्याप्टप खरिद	१९६२१५
१९।०८१।२।३०	सिल्वरलाइन मल्टीपर्पस प्रा लि	प्रोजेक्टर खरिद	८३०००
			१९६४१८६

८५ मोडल तथा स्पेशिफिकेसन नखुलाई दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयले जिन्सी मालसामानको विवरण खुलाई दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय अनुसार खरिद भएका सामाग्रीको नाम, मोडेल, स्पेशिफिकेसन तथा सिरियल नम्बर वेगर सोझै जिन्सी दाखिला गरेकोले सोको विवरण खुल्ने गरी दाखिला गर्नुपर्दछ ।

भौ।मिति	आपूर्तिकर्ता	सामाग्री	रकम रु	दाखिला विवरण	हुनुपर्ने
२२७।०८१।३।१४	अल्टरनेटिभ पावर सप्लायर्स	३ वटा ल्यापटपखरिद मध्ये २ ल्यापटपको स्पेशिफिकेसन नखुलाएको	२८५१००	सामानको नाम – ल्याप्टप स्पेशिफीकेसन Dell	Dell Inspiron 5520 8/256 GB/ 2 GB graphics तथा सिरियल नम्बर

८६ खानेपानी हेण्डपाईप वित्तरण

पालिकाले यस वर्ष देहाय अनुसारको हेण्डपाईप वितरण सम्बन्धि कार्यक्रमका लागि पालिका तथा वडाबाट बजेट विनियोजन गरी रु.८९२५१२ हजारको खर्च लेखेको छ । यस प्रकृतिका मालसामान खरिद गर्दा बजेट तथा कार्यक्रमको प्रकृति अनुसार खरिद गर्ने सामाग्री सम्बन्धमा लागत सहभागिता समेत जुटाई प्याकेजिंग गरी प्रतिस्पर्धि तथा मितव्ययी तबरले खरिद गर्नुपर्दछ ।पालिका तथा वडाले उक्त सामाग्रीहरु वित्तरण सम्बन्धमा लागत सहभागिता हुने गरी तथा सूचना प्रकासन गरी पार्दर्शिता कायम गरी वित्तरण गर्नुपर्नेमा सो वेगर सोझै माग संकलन गरी सोको आधारमा पालिका तथा वडा समितिको निर्णयबाट छनौट गरी वित्तरण गरेको छ । यस सम्बन्धमा पालिकाले सूचना प्रकाशन गरेर पार्दर्शिता प्रवर्द्धन हुने गरी कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ । यस सम्बन्धि विवरण देहाय अनुसार रहेको छ ।

सि. न	कार्यक्रम	जलउपभोक्ता समिति	रकम रु
१	खानेपानी हेण्ड पाईप	७० जनालाई	४९२९१३
२	खानेपानी हेण्ड पाईप वडा-२	३८ जनालाई	३०००००
३	खानेपानी हेण्ड पाईप वडा-३	सुरज चौधरीलाई भुक्तानी	९९५९९

८७ **भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ अनुसार सरकारी रकम अधिकार प्राप्त अधिकारीले बाहेक अरुले खर्च गर्न नहुने व्यवस्था गरेको छ।साथै हल ई.एफ.टी (ईलेक्ट्रोनिक फण्ड ट्रन्सफर) लागु भए पश्चात पालिकाले विभिन्न खर्चको भुक्तानी दिदा सम्वन्धीत पार्टिको नाममा भुक्तानी दिनुपर्दछ । पालिकाले देहाय अनुसार अमानतबाट कार्य गराई खर्च गरेकोमा सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी नदिई देहाय अनुसार कर्मचारी।व्यक्तिको नाममा भुक्तानी दिएको नियमानुसार नदेखिएको रु. यस्तो भुक्तानी तथा खर्चलाई नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

मिति	भौ नं	योजना तथा कार्यक्रम खर्च विवरण	भुक्तानी लिने व्यक्ति		कैफियत
०१/१८/२०८१	१३७	पुर्वटोल बोरिङ्ग छेउमा सरहतिया कुलो मर्मत	वडा सचिव हेमन्त चौधरी	५०,०००.००	
०१/२७/२०८१	१४६	जंगहत्था कुलोमा फाटक निर्माण योजना	स.क.अ.सुरज चौधरी	४५,०००.००	
०२/२३/२०८१	१७१	नमुना स्वास्थ्य आमा समुह भवन मर्मत वापतको रकम	मोहनलाल यादव	६४,४८४.००	
०२/२५/२०८१	१७४	७ नं वडाको नाली सरसफाई	स.क.अ. प्रमोद कुमार गुप्ता	९९,१३८.००	
०२/१४/२०८१	१५८	गोठवा त्रिवेणी स्कुल अगाडि वाल निर्माण	वडा सचिव हेमन्त चौधरी	९९,८००.००	बि जी कन्स्ट्रकसन एण्ड सप्लायर्स
०२/१८/२०८१	१६०	अमवा खेल मैदान मर्मत	वडा सचिव हेमन्त चौधरी	९९,९००.००	
०३/०२/२०८१	१८६	४ नं वडाको समयमाई मंदिर संरक्षण	डा सचिव राजेन्द्र प्र यादव	४७,९३८.००	
०३/०२/२०८१	१८७	शुभलक्ष्मि पेट्रोल पम्प देखि तिनघरवा सडक ग्रावेल योजना	वडा सचिव सरीता चौधरी	९९,६६६.००	कपिल ट्रेड एण्ड सप्लायर्स
०३/२३/२०८१	२७४	सडक मर्मत	किरण क्षेत्री	८५,०००.००	न्यू सिदार्थ सप्लायर्स

अनियमित भएको	६,९०,९२६

८८ **वडा नं.४ प्रशासकिय भवन निर्माण**

पालिकाले वडा नं. ४ को प्रशासकिय भवन निर्माण, NCB-१८/०७९-८० का लागि रु. १६७९५१८६।०० को लागत अनुमान तयार गरी सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी मिना निर्माण सेवासँग मिति २०८०।१२।३० भित्र निर्माण कार्य सक्ने गरी २०८०।३।१८ मा रु.११६२१९७०।०० को सम्झौता गरी यो आर्थिक बर्षमा पेश्की वापत रु. २३ लाख २० हजार र दोश्रो रनिंङ विल सम्मको रु.३७७१९६५।– (३२.४५ प्रतिशत प्रगति) भुक्तानी गरेको देखिन्छ । पालिकाले साईटमा खन्दा पानी बढी निस्किएको कारण डिवाटरिङ तथा थप टेस्ट गर्नु परेकोले प्रथम पटक २०८१।६।३० सम्म म्याद थप गरेको देखिन्छ तर उक्त अवधिमा समेत कार्य सम्पन्न भएको देखिएन । सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौता अनुसार उक्त निर्माण कार्य समय मै सम्पन्न गर्नुपर्दछ ।

८८.१ **म्याद थप:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियमावली १२० क मा सम्झौता बमोजिमको अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकेमा म्याद सकिनु २१ दिन पहिले निर्माण व्यबसायीले म्याद थपको लागि निवेदन दिनु पर्ने व्यबस्था रहेको छ । पालिकाले पुन: कार्यापालिको मिति २०८१।५।१२ को निर्णय अनुसार २०८१।१२।३० सम्म म्याद थप गरेकोमा सोको लागि पेश हुनुपर्ने निर्माण व्यवसायीको म्याद थपको निवेदन, अद्यावधिक कार्य सम्पादन जमानत तथा (२०२५ जुलाई १४ सम्मको मात्र रहेको) विमा पेश भएन ।

यसरी आवश्यक तथा अद्यावधिक कागजात वेगर म्याद थप गर्नु नियम अनुसार देखिएन । पटक पटक म्याद थप गर्दा समेत समयमा कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीबाट सम्झौताको शर्त तथा नियमानुसार पूवर्निधारित क्षतिपूर्ति लिई कार्यसम्पन्न गराउनुपर्दछ ।

८८.२ **पेश्की** – सम्झौताको शर्त SCC ५७.३ बमोजिम निर्माण कार्यको पेश्की सम्झौता रकमको ३० प्रतिशत भुक्तानी भएपछि प्रत्येक रनिङ बिलवाट ३० प्रतिशतका दरले पेश्की कट्टी गर्नु पर्ने र ८० प्रतिशत कार्य हुँदा सबै पेस्की कट्टी गरि सक्नु पर्ने उल्लेख छ। NCB-१८/०७९-८० का निर्माण व्यवसायी मिना निर्माण सेवाको सम्झौता बमोजिम २ पटक म्याद थप गर्दा समेत कार्य सम्पन्न नगरेको तथा २०८१ असार मसान्तसम्म रु. २०८८००० पेश्की बाँकी रहेकोमा उक्त पेश्की रकम कट्टी गरेको छैन । पटक पटक म्याद थप गर्दा समेत कार्यसम्पन्न नभएकोले उक्त पेश्की निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२०,८८,०००

८९ **तिलोत्तमा-सियारी-सुद्धोधन पहुच मार्ग**

(ठे.नं. NCB/०६/०८०/८१) पालिकाले तिलोत्तमा-सियारी-सुद्धोधन पहुच मार्ग सडक निर्माणको लागि लागत अनुमान रु.११४६७९२३।०० तयार गरि सवैभन्दा कम कवोल गर्ने चन्द्रकोट कन्स्ट्रकसनले कवोल गरेको रु. ९१७०९८६।– मुल्य अभिबृद्धि कर समेत मिति २०८१।१।३० भित्र सम्पन्न गर्नेगरी २०८०।९।२४ मा सम्झौता भएकोमा २०८१ असारसम्ममा रु.४०७५२६१।– भुक्तानी भएकोमा स्थानीय विरोधका कारण समयमा कार्य सम्पन्न गर्न नसकेकोले प्रथम पटक २०८१।३।१६ सम्म र दोश्रो पटक २०८१।९।३० सम्मका लागि म्याद थप भएकोमा निर्माण कार्यको प्रगति सन्तोषजनक रहेको देखिएन । निर्माण कार्यको बेश कोर्स सम्मको कार्य भएको तथा कालोपत्रे गर्ने कार्य बाँकी नै रहेको देखिन्छ । उक्त निर्माण कार्यको विमाको म्याद समेत गुज्रेकोले विमा पोलिसी समेत अद्यावधिक गराउनुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौताको शर्त बमोजिम समयमै निर्माण कार्यसम्पन्न गराउनुपर्दछ ।

९० **छपिया कचकहवा सडक कालोपत्रे**

(ठे.नं. NCB/०७/०७७/७८) पालिकाले छपिया ओर्लहवा कचकचहवा पुल कालोपत्रे सडक निर्माणको लागि लागत अनुमान रु.७७८०५६३।६८ तयार गरि सवैभन्दा कम कवोल गर्ने नवीन कन्ष्ट्रक्शन बर्दघाटले कवोल गरेको रु. ५९००८००।७५ मुल्य अभिबृद्धि कर समेत मिति २०७८ बैशाख २९ भित्र सम्पन्न गर्ने गरी २०७७।१०।०९ मा सम्झौता भएकोमा उक्त अवधि सम्म रु. ३००३४८८। ९४ भुक्तानी भएको देखिन्छ र आर्थिक वर्ष २०८०।८१ मा दोश्रो रनिंग विल वापत रु. १६३०१६०।९४ समेत कुल रु. ४६३३६४८। ०० भुक्तानी भएको छ ।

गत वर्षको प्रतिवेदनमा उक्त " निर्माण कार्यको म्याद मिति २०७८ बैशाख २९ रहेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा निर्धारित समयमा काम सम्पन्न हुन नसकेकोमा निर्माण व्यबसायीले कारण खुलाई म्याद सकिनु कम्तिमा २१ दिन अगावै म्याद थपको लागि पालिकामा निवेदन दिनु पर्नेमा नदिएको र गाँउकार्यपालिकाबाट लेखापरीक्षण अवधि सम्म म्याद थप सम्बन्धि कुनै कारबाही भएको देखिएन । तीन वटा चेनेज मध्ये एउटा चेनेजको काम सम्पन्न गरेको र चेनेज नं. ०+०४०० – ०+०७७८ को ३७८ मिटर र ०+०३३५ -०+०३६२१ को २७० मिटर रु.२८९७३११।८१ मुल्य बराबरको सडक निर्माण कार्य बाँकी रहेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम पूर्व निर्धारीत क्षतिपूर्ति सहित बाँकी निर्माण कार्य सम्पन्न गर्नु पर्ने " उल्लेख गरेको छ । तर पालिकाले २०८०।१२।१३ को म्याद थपको निवेदन २०८०।१२।१४ मा दर्ता गरेको संलग्न गरी तोकिएको अनुसारको कार्य नभएकोले पुन: कार्य गर्न लगाएको जनाई तेश्रो पटक २०८१।१।३० सम्म र चौथो पटक २०८१।९।३० सम्म कार्यपालिकाको २०८१।५।१२ को निर्णयबाट म्याद थप गरेको छ । निर्माण कार्य सम्पन्न नभएकोले खरिद कानुन तथा सम्झौताको शर्त बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई मात्र निर्माण व्यवसायीलाई भुक्तानी दिई कार्यसम्पन्न गराउनु पर्दछ ।

९१ **१५ शैया अस्पताल निर्माण**

गाँउपालिकाले वडा नं. ५ सियारिमा रु. २३३२७३९७८।३४ को डि.पि.आर. तयार गरी ५९५७.४३ बर्ग मिटर क्षेत्रफलमा २ तलाको १५ शैयाको अस्पताल निर्माणको लागि लागत अनुमान रु.२१८०५०२९५।४५ तयार गरीएकोमा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी काली गण्डकी रविना जेभिसँग मिति २०८१।७।७ भित्र निर्माण कार्य सक्ने गरी २०७९।३।८ मा रु.१८०१०७४८४।२२ को सम्झौता गरी आर्थिक बर्ष २०७९।८० सम्म प्रथम रनिङ विल वापत रु.३९३५२२७७।– भुक्तानी भएको र आर्थिक वर्ष २०८०।८१ मा बजेट प्राप्त नभएकोले भौतिक प्रगति भए तापिन भुक्तानी गर्न नसकिएकोले वित्तीय प्रगति हुन नसकेको पालिकाबाट विवरण प्राप्त भएको छ ।निर्माण व्यवसायीलाई सम्झौता बमोजिम रु. १ करोड ९५ लाख पेश्की दिईएकोमा आर्थिक वर्ष २०८१।८२ मा भएको भुक्तानीमा रु. ४० लाख पेश्की फर्स्यौट भई रु. १ करोड ४५ लाख पेश्की बाँकी रहेको पालिकले जनाएको छ ।पेश्की जमानतको म्याद २०२४ डिसेम्बर २९ सम्म मात्र रहेकोले अद्यावधिक समेत गराउनुपर्ने तथा पेश्की सिघ्र फर्सयौट हुनुपर्दछ । जनस्वास्थयसँग प्रत्यक्ष सरोकार राख्ने यस अस्पतालको निर्माण कार्यलाई तिव्रता दिई तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न पालिकाले तदारुकता देखाउनु पर्दछ ।

९२ **प्रोभिजनल समको विजक**

पालिका र निर्माण व्यबसायी बीच भएको निर्माण कार्यको सम्झौता बमोजिम प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा छुट्टै विल भर्पाई पेश गर्नु पर्ने उल्लेख भएकोमा देहायका निर्माण व्यबसायीले प्रोभिजनल समको देहाय अनुसार भुक्तानी लिएकोमा कर विजक तथा विल भर्पाई पेश नगरेकोले सोको विल पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनु पर्ने रु.

सि.नं.	निर्माण कार्य	निर्माण व्यवसायी	भुक्तानी आईटम	भुक्तानी रकम
१	हर्नैया चोक र गणसारी स्कुल देखि गाउँमा जाने बाटो सडक कालोपत्रे NCB- ०१ / 2080-81	हुमेन विल्डर्स प्रा.लि.	रिलोकेसन अफ पोल	३००००

असुल गर्नुपर्ने	३०,०००

९३ **विद्युत पोल स्थानान्तरण**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३६,८४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९४ **गुणस्तर व्यवस्थापन**

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आस्वस्तता योजना पेश गर्नु पर्नेमा गरेको पाइएन। कार्यालयमा सिमेण्ट, गिट्टी, वालुवा परीक्षण गर्ने मेशिनहरु नरहेको पाइयो । ल्यावमा दरवन्दी रहेको देखिएन ।निजीक्षेत्रका ल्यावहरुमा गुणस्तर परीक्षण गर्दा सिलवन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा परीक्षण गर्दा सम्वन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो होइन एकिन गर्न सक्ने अवस्था छैन । निर्माण सामाग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामाग्रीमात्र प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको स्वीकृती दिएको देखिएन। सडकको फिल्ड डेन्सिटि टेष्ट, सव वेश/वेशमा प्रयोग गरिएका सामाग्रीहरुको स्पेसिफिकेसनमा तोकिएको संस्थामा गुणस्तर परीक्षण गराएको पाइएन। गुणस्तर व्यवस्थापनमा कार्यालयको प्राथमिकता बढाई निर्मित संरचनाहरुको गुणस्तरीयतामा विश्वस्त हुने आधार सहित गुणस्तर परिक्षण गर्नुपर्दछ ।

९५ **एजबिल्ट नक्सा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ र ठेक्का सम्झौतामा निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र एजबिल्ट नक्सा पेस गर्नुपर्ने र पेस नगरेमा तोकिएको रकम रोक्का गर्नुपर्ने व्यवस्था छ। पालिकाले अधिकांस सम्झौतामा एजविल्ट नक्सा पेश गर्नु नपर्ने

प्रावधान राखेको पाईयो ।एजविल्ट नक्साले निर्माण कार्य तोकिएको ड्रइङ डिजाईन बमोजिम भए नभएको यकिन हुने र निर्माण कार्यको वास्तविक नक्सा देखिने भएकोले महत्त्वपूर्ण हुने हुँदा खरिद नियमावलीको प्रावधान बमोजिम अनिवार्य रुपमा सम्झौतामा पेश गर्नु पर्ने गरी व्यवस्था राख्नु पर्दछ ।

९६ विमा

सम्झौताको विशेष शर्त १९.१ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि समेतको विमा गराउनु पर्ने व्यवस्था रहेकोमा पालिकाबाट भएका ठेक्का व्यवस्थापन कार्य मध्ये अधिकांश विमा घटी अवधिको विमा पोलिसी पेश भएको छ । कतिपय ठेक्का तथा उपभोक्ता समितिको कार्यको विमा समेत गरेको छैन । कार्यालयले नियमावली तथा सम्झौता बमोजिम निर्माण कार्यको सम्झोता अनुसार सम्झौता शुरु भएको अवधि देखि सम्पन्न भई त्रुटी सच्याउने अवधिसम्मको नियमानुसार विमा गराउनुपर्दछ । केही उदाहरणहरु देहाय अनुसार रहेका छन् :

सि.नं.	निर्माण कार्य	निर्माण व्यवसायी	सम्झौता रकम	विमा भुक्तानी	कैफियत
				रु.	
१	NCB-०५ / 2080-81 जंगहत्था बैदौली सडक कालोपत्रे वडा नं.३ र ५	पोख्रेल निर्माण सेवा	४५९४१८७	३७९७१	सम्झौता अवधि २०८०।८।११ देखि २०८१।१।३१ रहेकोमा २० दिनको मात्र विमा गरेको
२	NCB-०६ / 2080-81 तिलोत्तमा सियारी-शुद्धोधन पहुँच मार्ग.	चन्द्रकोट कन्स्ट्रकश्न	९१७०९८८	४००३३	म्याद थप समेत २०८१।९।३० सम्म सम्झौता अवधि रहेकोमा विमाको म्याद गुज्रेको (२०८१।बैशाख।३०)
३	NCB-०७ / 2080-81 छपिया फिश भिलेज सडक कालोपत्रे	आर.ए कन्स्ट्रक्शन	२४८२०३१	२०४२४	समझौता अवधिको १ महिना मात्र विमा गरेको
४	NCB-०८ / 2080-81 वेथरी चोक देखि प्रहरी चौकी सियारी -२ जोड्ने	ए.आर विल्डर्स सप्लार्स प्रा.लि.	२८१२७९४	२९४४३	समझौता अवधिको १ महिना मात्र विमा गरेको
५	NCB-१५ / 2080-81 नागथान त्रिशुल ग्यास जाने सडक कालोपत्रे	प्रिन्स निर्माण सेवा	६०५२८२४	२९१९९	विमा पोलिसीमा त्रुटि सच्चाउने अवधि ६ महिना मात्र उल्लेख

९७ तराई-मधेश समृद्धि कार्यक्रम

९७.१ **लागत सहभागिता** - तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ (पहिलो संशोधन) को दफा ५ को उपदफा १ मा आयोजना सञ्चालनका लागि कार्यक्रमको तर्फबाट सतरी प्रतिशत र स्थानीय तहको न्यूनतम तीस प्रतिशत लागत सहभागिता रहने उल्लेख छ । पालिकाले देहाय अनुसारका तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गतका आयोजनामा पालिकाको तर्फबाट लागत सहभागिता नगरी कार्यक्रमको बजेटबाट शत प्रतिशत खर्च भएको देखिन्छ । निर्देशिका विपरित लागत सहभागिता वेगर आयोजना सञ्चालन गरेको नमिल्ने देखिएकोले देहाय अनुसारका योजनाको ३० प्रतिशतका दरले हुने लागत साझेदारी नगरेकोले संघीय संचित कोष फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु.

सि. नं .	योजनाको नाम	कुल लागत	कार्य सम्पन्न	उ. स . को श्रमदान पश्चात कार्यक्रमबाट उस लाई भुक्तानी	पालिकाबाट हुनुपर्ने लागत सहभागिता	पालिका साझेदारी रु.	घटी साझेदारी रु .
१	वार्ड नं ३ तपाहा खोलामा सिँचाईको लागि तटबन्ध निर्माण	३४१०८६५	३३९१७१४	३०३२८७५	९०९८६२	५३०८४८	३७९०१५
२	सियारी आवास निर्माण कार्य	४०९१५३०	३०१३२२६	२६८८०५९	८०६४१८	१८८१४३	६१८००५
३	छपिया फिस भिलेजबाट पश्चिम शिवपुर सडक कालोपत्रे	२४७६६७८	२४७६६७८	२४७६६७८ ठेक्का	७४३००३	०	७४३००३

प्रमाण पेश नगरेको	१७,४०,०२३

९७.२ **सियारी आवास निर्माण कार्य -** सियारी आवास निर्माण कार्य तर्फ ७ वटा घर निर्माणका लागि २०८१।२।२५ सम्म कार्य सम्पन्न गर्न २०८०।९।२० मा सम्झौता भएकोमा २०८१ असार मसान्त सम्म रु. ३०१३२२६।०० को कार्यको भुक्तानी भएको छ । निर्माण कार्यको म्याद थप भई कार्य सम्पन्न हुन बाँकी रहेको देखिन्छ । सियारी आवास निर्माण उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार समयमै कार्य सम्पन्न हुनुपर्दछ । यस्तो कार्य प्रतिस्पर्धा मार्फत गराउनुपर्नेमा उपभोक्त समितिमार्फत गराउन उपयुक्त देखिदैन । यस सम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

९८ कनरी चोकदेखी सियारी ७ समयमाई मा वि चोक सडक

कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ र दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले भौ.न. ११।०८०।६।२६ बाट भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी प्रमाणित गरी राखेको विवरणमा समावेश गर्नुपर्नेमा उक्त विवरणमा समावेश नगरी कनरी चोकदेखी सियारी ७ समयमाई मा वि चोक सडकसम्मको सडकको निर्माण कार्य २०८०।१।२८ को पोख्रेल निर्माण सेवासंगको सम्झौता बमोजिम रु. २१८९३५२।०० को कार्य गरेकोमा सो मध्ये रु. ४३७५१०।०० विविध खर्च खाता/आक्समिक कोष खाताबाट भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	४,३७,५१०

९९ कन्टिन्जेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ ज्याला वापत रु. २ लाख २० हजार, दैनिक भ्रमण तथा अनुगमनमा रु. ४ लाख २० हजार, मर्मत तथा इन्धनमा रु. ४ लाख, मसलन्द तथा सामाग्री खरिदमा रु. १ लाख ७८ हजार, निर्माण कार्यमा रु. १४ लाख २० हजार, पत्रपत्रिका तथा सूचना प्रकासनमा रु. ५३ हजार र विविध तथा अन्य रु. २ लाख ६० हजार समेत यस वर्ष रु. २९ लाख १ हजार कन्टीन्जेन्सी खर्च गरेको विवरण पेश गरेको छ । कार्यालयले कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन। प्रत्येक योजनाबाट कन्टिन्जेन्सी र मर्मत सम्भार कोष खर्च वापत २ देखि ४ प्रतिशतका दर ले कन्टिन्जेन्सी

कट्टी गरेपनि सो अनुसारको खर्च विवरण पेश नगरेकोले यससम्बन्धमा यथार्थ विवरण भएको भन्न सकिने अवस्था छैन । कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा संग सम्वन्धितमात्र खर्च गर्नुपर्नेमा गरेको देखिदैन । चालु प्रकृतिका कार्यालय संञ्चालन खर्चमा छुट्टै वजेट विनियोजन भएको अवस्थामा यस प्रकारको खर्च स्वभाविक देखिदैन । कार्यालयले कन्टिन्जेन्सी खर्च सम्बन्धि अद्यावधिक अभिलेख राख्नुका साथै खर्च नियन्त्रण गरी योजनासंग सम्वन्धित आवश्यक खर्च मात्र कण्टिजेन्सीवाट खर्च गर्नुपर्ने देखिन्छ ।

१०० **दयानगर छपिया दानव नदीमा लिफ्ट सिँचाई**

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट संचालित दयानगर छपिया दानव नदीमा लिफ्ट सिँचाई योजना वडा नं. ४ को लागि पालिकाले यो वर्ष रु ६९९६३५१।३७ को लागत अनुमान बनाई रु ६८८०७३७।५१ मा ए.के. कन्स्ट्रक्सन संग मिति २०८०।११।१ मा सम्झौता गरी २०८१।२।२९ मा कार्य सम्पन्न गरेको छ । सो आयोजना प्रदेश सरकार जलश्रोत तथा सिँचाई डिभिजन कार्यालय रुपन्देहीबाट समेत आ.व.२०८०।८१ मा सो आयोजनामा खर्च भएको भन्ने पालिकाको भनाई रहेको छ।पालिकाबाट एच डि पि ई पाईप।जि आई पाईप सप्लयाई, जोइनिङ र लेयिङ तथा वाटर मिटरको कार्य भएको देखिन्छ भने जलश्रोत तथा सिँचाई डिभिजन कार्यालय रुपन्देहीबाट के कति कार्य भएको सो सम्बन्धमा एकिन हुने अवस्था छैन। आयोजनाको डिपिआर तथा कुल लागत र खर्च व्यहोर्ने सम्बन्धमा विवरण प्राप्त भएको छैन । एउटै योजनामा गाउँपालिका र जलश्रोत तथा सिँचाई डिभिजन कार्यालय रुपन्देहीको वजेट रहेको अवस्थामा काममा दोहोरो नपर्ने गरी आयोजना संचालन गर्नु नियम अनुसार देखिदैन । पालिकाले प्रदेश सरकार जलश्रोत तथा सिँचाई डिभिजन कार्यालय रुपन्देहीबाट नै भएको लागत अनुमान अनुसार कार्य गराएको जनाएको छ ।

१०१ **मोवाईल खरिद**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। पालिकाले वार्षिक कार्यक्रममा तोके अनुसारको सम्बन्धित तथा आवश्यक मेशिनरी तथा औजार खरिद गर्नुपर्नेमा देहाय अनुसार कार्यक्रम भन्दा असम्बन्धित हुने गरी मेशिनरी औजार कार्यक्रमबाट मोवाईल खरिद गरेको पाईयो । पालिकाले गत विगतमा समेत खरिद भएका मोवाईल सम्बन्धमा एकिन गरी यस प्रकृतिको खर्चमा पालिकले नियन्त्रण गर्नुपर्दछ ।

भौ नं मिति	भुक्तानी भएको	योजना	विवरण	खर्च रु.
८।०८०।६।१८	दुर्गा भगवती ट्रेड लिंक	मेशिनरी तथा औजार	मोवाईल खरिद	६००००
१४।०८०।६।२६	श्री भैरव ट्रेडिङ्ग	मेशिनरी तथा औजार	मोवाईल खरिद	४९५००
३।०८०।८।२९	सितारा मोबाईल	रोजगार सेवा केन्द्र सुदृढिकरण	मोवाईल खरिद Mi Xiaomi lite (8/128)	५४०००
				१६३५००

१०२ **दयानगर खानेपानी सामाग्री खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। पालिकाले भौ.नं. २७७।०८१।३।२४ बाट दयानगर खानेपानी उपभोक्ता संस्थाका लागि रु. ५ लाखको सामाग्री खरिद गरी बजेट विनियोजन गरी एचडिपिई पाईप ६३ एम एम PN10- ३६० मिटर, ६३ एम एम PN6- ३९० मिटर र १६० एम एम एच डि पि ई बेन्ड ६ पिस कोटेशन मार्फत ए.एम.ट्रेडिङ संग खरिद गरी भुक्तानी दिएको छ । उक्त सामाग्रीहरु पालिकाले दयानागर खानेपानी उपभोक्ता समितिलाई बुझाएकोमा उक्त पाईपहरु जडान भएको प्रमाण पेश भएको छैन । दयानागर खानेपानी उपभोक्ता समिति खानेपानी योजना अन्तर्गतका संघ तथा प्रदेशको खानेपानी योजना अन्तर्गतको डिपीआर बमोजिम पर्नेमा उक्त पाइपहरु सोही कार्यालयहरुबाट नै खरिद भई समितिलाई हस्तान्तरण हुनुपर्ने देखिएकोमा पालिकाबाट समेत उक्त समितिलाई सम्बन्धित कार्यालयबाट सो सम्बन्धमा एकिन समेत नगरी सामाग्री हस्तान्तरण गर्नु दोहोरो हुन सक्ने जोखिम देखिएकोले उक्त खर्च उपयुक्त देखिएन ।

यससम्बन्धमा उक्त निर्माण कार्यको जडान तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ । उपभोक्ता समिति दर्ता भएको र खानेपानी योजना संचालन भएको कार्यालयको सिफारिस वेगर भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	५,००,०००

१०३ **भै.लु.भु.ज जल उपभोक्ता समिति**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्ने र साथै नियम १५ बमोजिम हस्तान्तरित आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क तोक्न सक्नेछ र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नु पर्नेछ । पालिकाले भैरहवा लुम्बिनी भुमिगत जल सिँचाई आयोजना मार्फत संचालित जलउपभोक्ता समूहका जल उपभोक्ता समूहलाई सोही कार्यालय तथा प्रदेश अन्तर्गतको भुमिगत जलश्रोत तथा सिचाई विकास डिभिजनबाट मर्मत बजेट शिर्षकबाट समेत मर्मत खर्च छुट्याईएको हुने तथा उपभोक्ताले हस्तान्तरण भएका योजनाका लागि कोष स्थापना गरी मर्मत सम्भार गर्नुपर्नेमा पालिकाबाट समेत उक्त खर्च हुनु उचित देखिएन । पालिकाले नियमावलीको उक्त प्रावधान विपरीत देहाय बमोजिमको जल उपभोक्ता समितिलाई योजना मर्मत खर्च वापत देहाय अनुसार रु. ६४७३२९।– भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

भौ नं	कार्यक्रम	जलउपभोक्ता समिति	रकम रु
१०५।०८०।१२।२८	शिवनगर भै.लु.भु.ज नहर मर्मत	शिवनगर भै.लु.भु.ज नहर मर्मत उ स	१५००००
२२९।०८१।३।१४	भै .लु .भु .ज. वोर मर्मत	भै .लु .भु .ज. वोर मर्मत गुल्जानगर जल उ स	१०००००
२३६।०८१।३।१६	भै .लु .भु .ज. वोर मर्मत	भै लु भु ज वोर मरमत Amawa Rakhauna Jal Up Samiti	९७३२९
२३९।०८१।३।१८	भै .लु .भु .ज. वोर मर्मत	भै लु भु ज वोर मर्मत उ स (Sau Nir Ra Cha Ja) रु. ९८२०५ र नागथान जल उपभोक्ता समुह i ९७९८८	२०००००
६४।०८०।१०।१९	भै .लु .भु .ज. वोर मर्मत	भै लु भु ज वोर मर्मत उ स (Sau Nir Ra Cha Ja)	१०००००
			६४७३२९

अनियमित भएको	६,४७,३२९

१०४ **गाउँपालिका कनरी कालोपत्रे सडक निर्माण**

१०४.१ **सम्झौताको अन्त्य :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५९ को उपनियम ७ बमोजिम सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु गरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुन सुकै बखत अन्त्य गर्न सक्ने र उपनियम ८ बमोजिमको सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुने तथा सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था रहेको छ । (ठे.नं. NCB/०१६/०७७/७८) पालिकाले गाउँपालिका कनरी कालोपत्रे सडक निर्माणको लागि लागत अनुमान रु.७९४०४६३।९० तयार गरि सवैभन्दा कम कवोल गर्ने विबेक कन्ष्ट्रक्शन बर्दघाटले कवोल गरेको रु. ५३०९४४४।– मुल्य अभिबृद्धि कर समेत मिति २०७९।३।१५ भित्र सम्पन्न गर्नेगरी २०७८।११।२५ मा सम्झौता भएकोमा आर्थिक बर्ष ०७९।८० सम्ममा रु.१७५७११८।– भुक्तानी भएकोमा निर्माण व्यवसायीले कार्य प्रगति नगरेको तथा कार्यलायले पटक पटक ताकेता गरेकोमा समेत कार्यालयको सम्पर्कमा नआई सम्पर्क विहिन रहेकोले कार्यालयले २०८०।४।५ मा कालोसूचीमा राख्ने अन्तिम सूचना प्रकासन गरेको र २०८०।८।१३ मा कार्यसम्पादन जमानत रकम रु. १२५००००।०० जफत गरी २०८०।११।४ गते उक्त ठेक्का तोडि नयाँ ठेक्का आवहान गरेको देखिन्छ ।

कार्यालयले ठेक्काको अन्त्य गरेकोमा उक्त कार्य सम्पन्न गर्न रु. ४३९४७०७।०० को लागत अनुमानमा आर. भि. कन्स्ट्रक्सन एण्ड विल्डर्ससंग रु. ३८६६३३३।०० मा २०८१।२।८ मा सम्झौता गरेकोमा उक्त कार्य आर्थिक वर्ष २०८१।८२ मा सम्पन्न भइ सकेको जनाएको छ ।

१०४.२ **सरकारी बाँकी सरह असुल -** कार्यालयले ठेक्काको अन्त्य गरे पश्चात उपरोक्त नियम ५९ को उपनियम ७ र ८ बमोजिम सरकारी बाँकी सरहको प्रक्रियामा जानुपर्नेमा सो नगरी निज निर्माण व्यवसायीको कार्य सम्पादन जमानत रकम रु. १२५००००।०० जफत गरी सार्वजनिक खरिद तथा अनुगमन कार्यालयमा कालोसूचिमा राख्नको लागि सिफारिस गरेको जनाएको छ । कार्यालयले उक्त निर्माण व्यवसायीले गरेको कार्यको मूल्यांकन गरेको वास्तविक कार्य सम्पादन रु. १८९३०५९।०० मा गर्नुपर्ने बाँकी कार्यको रकम रु. ३४१६८३५।५० मा नयाँ ठेक्का (आर.भि. कन्स्ट्रकसन संग २०८१।२।८) सम्झौता गर्दा कायम भएको रकम रु. ३८६६३३३।०० को फरक रकम रु. ४४९९४७।५० लाई नयाँ ठेक्काबाट श्रृजना भएको दायित्व कायम गरेको छ र सोही रकममा बाँकी रहेको पेश्की फस्र्योट रु. ४०८१०० (मोविलाईजेसन पेश्की बाँकी रु. ३७१००० मा १० प्रतिशत ब्याज सहित) तथा कार्य सम्पादन रकमको समेत हिसाब गरी निर्माण व्यवसायीलाई रु. १३५९४०।६९ भुक्तानी गर्ने २०८१।६।१४ को निर्णय भएको देखिन्छ ।

पालिकाले बाँकी रहेको काम गर्न लाग्ने रकम अर्थात नयाँ ठेक्काबाट कायम भएको सम्झौता रकम रु. ३८६६३३३।५० मा हिसाब गरी बाँकी सरह असुल गर्नुपर्नेमा सोका लागि उक्त रकममा कार्यसम्पादन जमानत जफत गरी कार्यालयको आन्तरिक राजस्व खातामा रु. ४४९९४७।५० दाखिला गरेको र बाँकी रकम रु. ३९१९९५२।- धरौटीमा राखेको छ पालिकाले वास्तविक कार्यसम्पादन गरेको र भुक्तानी भएको रकमको फरक रु.१३५९४०।६९ समेतको हिसाब गरी सरकारी बाँकी सरह असुल गर्नुपर्दछ ।

१०४.३ **कार्यसम्पादन जमानत जफत रकम -** कार्यालयले कार्य सम्पादन जमानत वापत जफत गरिएको रकम रु. १२५००००।०० मध्ये निर्माण व्यवसायीको बाँकी पेश्की रु. ४०८१०० (मोविलाईजेसन पेश्की बाँकी रु. ३७१००० मा १० प्रतिशत ब्याज सहित) फस्र्योट गरेको, रु. ४४९९४७।५० कायम गरेको थप सिर्जित दायित्व पालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको र बाँकी रकम रु. ३९१९५२।५० धरौटी खातामा नै मौजदात राखेको देखिएकोले उक्त रकम दाखिला गरी प्रमाण पेश गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	३,९१,९५२

१०५ **मैनाहिया मा.वि. प्राविधिक भवन निर्माण**

१०५.१ **कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ २क (११ औं शंसोधन) मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ । गाँउपालिकाले वडा नं. २ सियारिमा रु. १५८२८४१८।३३ को लागत अनुमान तयार गरी सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी जनक जननी कन्ष्ट्रक्शन प्रा.लि. नवलपरासीसँग मिति २०८०।३।१५ भित्र निर्माण कार्य सक्ने गरी २०७९।९।१८ मा रु.१०२०८६३१।३४ को सम्झौता गरी गत आर्थिक बर्षमा तेस्रो रनिङ विल सम्म रु.८३८५८०९।– भुक्तानी गरेकोमा यस वर्ष चौथो तथा अन्तिम विल रु. ७०१६०७।०० को तयार गरी रु. ९०८७४१६।०० मा ८९ देखि ९० प्रतिशतको हाराहारीमा सिढी तथा जस्ता छाउने र विद्युत तर्फको कार्य बाहेक अन्य कार्यको २०८०।११।३० मा कार्य सम्पन्न गराई भुक्तानी गरेको छ । यस सम्बन्धमा पालिकाले जिम्मेवारी लिई धरौटीबाट समेत कार्य सम्पन्न गराउनुपर्दछ ।
अधुरो कार्य पुरा गर्न पुन: कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्ने भएकोले यस्तो कार्य नियन्त्रण गरी ठेक्का सम्झौतानुसारको काम पुरा भए पछि मात्र कार्य स्वीकार गर्नु पर्दछ ।

१०५.२ **म्याद थप र पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियमावली १२० क मा सम्झौता बमोजिमको अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकेमा म्याद सकिनु २१ दिन पहिले निर्माण व्यबसायीले म्याद थपको लागि निवेदन दिनु पर्ने व्यवस्था

रहेकोमा निर्माण व्यावसायीले मिति २०८०।३।७ मा मात्र म्याद थपको लागि कार्यालयमा निवेदन पेश गरेकोमा उक्त नियम विपरित तथा १३ दिन अवधिको पूर्वनिर्धारित क्षतिपूर्ति समेत नलिई २०८०।१२।१ सम्म म्याद थप गरेको देखिन्छ । खरिद कानुन तथा सम्झौताको शर्त SCC ५५.१ बमोजिम १३ दिनको सम्झौता रकमको ०.०५ प्रतिशतले हुने रु. ५८८३५ असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	५८,८३५

१०६ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न निम्नानुसारको परामर्श सेवा लिएको देखिन्छ ।

क्र.सं	कार्यक्रमको नाम	परामर्शदाता	खर्च रकम
१	सामाजिक परीक्षण	एच एस इन्जिनियरिङ्ग कन्सल्टेन्सी	१९९४४५
२	सेवाग्राही सन्तुष्टी सर्वेक्षण	एच एस इन्जिनियरिङ्ग कन्सल्टेन्सी	१४९३८६
३	मध्यमकालीन खर्च संरचना निर्माण	आरम्भ कन्सल्टिङ्ग प्रा.लि.	२४५७७५
४	तिनाउ र दानव नदीको विभिन्न घाटको IEE Revised	युनिभर्सल इन्जिनियरिङ्ग कन्सल्टेन्ट एण्ड विल्डर्स	४९६०७०
५	संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी	ग्रिन टाइम कन्सल्ट प्रा.लि.	२८८१५०
६	बहुउद्देश्यीय धार्मिक तथा सास्कृतिक पार्क निर्माण (समयमाई मन्दिर कनरी र अमुवापार्क))	Mappers Hub Engineering Pvt.Ltd, Rupandehi	४९१४३७
			१८७०२६३

(क) लागत अनुमान - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाईयो । नम्स निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

(ख) विज्ञको उपस्थिति - परामर्श सेवा प्रदान गर्न निम्नानुसार परामर्शदाताहरुले कार्य गर्ने उल्लेख भएकोमा निजहरुको प्रमाणित हाजिर विवरण पेश भएको छैन। जसवाट सम्वन्धितको विज्ञता उपयोग सम्वन्धमा एकिन हुन सकिएन । परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ ।सम्झौता वमोजिम विज्ञहरुको संलग्नता पुष्टि हुने प्रमाण संलग्न हुनुपर्दछ ।

(ग) सोधभर्ना र डेलिभरेबल्स - पालिकाले परामर्श कार्यको भुक्तानी गर्दा सोधभर्ना हुने आईटमको कार्यको विल वेगर भुक्तानी गर्ने देखिएकोले विल भर्पाई र खर्च पुष्ट्याई हुने गरी मात्र परामर्शदातालाई भुक्तानी गर्नुपर्दछ । साथै सम्झौता अनसारका सबै प्रतिवेदनहरु तोकिएको परिमाणमा प्राप्त गर्नुपर्दछ । पालिकाले परामर्श तर्फको कार्य तथा भुक्तानीमा आगामी दिनमा सुधार गरिनुपर्दछ ।

(घ) अभिलेख - परामर्शसेवा तथा डि.पि.आर.हरुको अभिलेख व्यवस्थित गरी राख्नुपर्नेमा हाल सम्म भएका डि.पि.आर. प्रतिवेदनहरुको अभिलेख राखेको देखिदैन । जसवाट हाल भएका कार्यहको दोहोरो पना सम्वन्धमा एकिन गर्न सकिएन । लिएका परामर्श सेवाका तथा डि.पि.आर. प्रतिवेदनको अभिलेख व्यवस्थित गरेर राख्नुपर्दछ ।

(ङ) कार्यान्वयन - पालिकाले आवश्यकताका आधारमा मात्र परामर्श सेवा लिने तथा सोको अभिलेख राखि उक्त अध्ययन प्रतिवेदनहरु कार्यान्वयनमा ल्याउनुपर्दछ ।

(च) सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकता पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा यसरी सेवा लिदाँ गर्दा सोको आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । पालिकाले सामाजिक परिक्षण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण जस्ता कार्य पालिका कै जनशक्तिबाट गर्न सकिने देखिन्छ । यस्ता सेवा प्रतिवेदन खरिद गर्दा ती आयोजना एवम् कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

१०७ वन पैदावार आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(ख) मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

१०८ पशु हाटबजार व्यवस्थापनको विद्युत महशुल

पालिकाले पशु हाटबजार व्यवस्थापन सम्बन्धि ठेक्काको सम्झौता गर्दा ठेक्का लिने व्यक्ति वा फर्मले नै सम्झौता बमोजिम हाटबजारको विद्युत महशुल तिर्नुपर्ने देखिन्छ । पालिकाले भौ.न.३३।०८०।११।३ आन्तरिक कृषि पूजिगत शिर्षकबाट नेपाल विद्युत प्राधिकरण अमुवा केन्द्रलाई रु. ६६०७५।- भुक्तानी गरेको पाईयो । यस सम्बन्धमा पालिकाले पशु हाटबजार नयाँ स्थापना भएको र पूर्ण रुपमा सञ्चालनमा आईनसकेकोले हाललाई पालिकाले नै भुक्तानी गरेको जनाएको छ । यससम्बन्धमा पालिकाले पशु हाटबजार व्यवस्थापनको विद्युत महशुल सम्झौता बमोजिम पालिकालाई व्ययभार नपर्ने गरी आगामी दिनमा संचालन गर्ने फर्म।व्यक्ति मार्फत भुक्तानी गराउनुपर्दछ । यसरी सम्झौता विपरित खर्च लेखेको उपयुक्त नदेखिएको रु.

अनियमित भएको	६६,०७५

१०९ उपभोक्ता समिति मार्फत कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममूलक कामको निर्धारिण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममूलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद

ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममूलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । यससम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

- उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन ।
- अनुगमन समितिले सम्पन्न भएको कामको अवस्था, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको उक्त विवरणहरु उल्लेख देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्ने गरी अनुगमन गरेर सोही अनुसारको अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण जस्ता कार्य गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

११० **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको केही रनिंग बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा केही योजनाको कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको र लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकोले प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१११ **उपभोक्ता समितिबाट सम्पन्न हुने योजनाको पेश्की**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५)मा सार्वजनिक निकायले उपभोक्ता समितिलाई सम्झौता रकमको बढीमा एक तिहाई सम्म पेश्की दिन सक्ने व्यवस्था रहेको छ । कानूनमा सो व्यवस्था भएपनि उपभोक्ता समितिलाई पेश्की दिँदा कार्यसम्पादन जमानत नराखिने हुँदा पेश्की रकम नै जोखिममा पर्न सक्ने हुँदा सो पेश्की दिने व्यवस्थालाई निरुत्साहन गरिनुपर्दछ ।नमुना परीक्षण गर्दा उपभोक्ता समितिलाई पेश्की दिइएको केही उदाहरण निम्न छन् ।

गो. भौ . नं / मिति	योजनाको नाम	सम्झौता रकम	पेश्की रकम तथा फस्यौंट रु.
८।०८०।११।३	सियारी आवास निर्माण उ. स .	४०९१५३०	९१२५००
२१।०८१।३।२३	दिपक भुसालको घरदेखी दक्षिण छपिया कुलोसम्म बाटो ग्रावेल वडा नं ५	१६१६१६५	३७५०००
१९।०८१।३।२३	भेटघाट चारपाते क्लबलाई कवर्ड हल निर्माणको लागि	१६६६६४७	४४१०००
७४।०८०।११।२	लक्ष्मिपुर नाली पि सि सि निर्माण	१९२०५६४	४५००००
५३।०८०।१०।८	शिवपूर टोलमा नाली निर्माण उ स	७५०९९६	१६००००
७८।०८०।११।१०	पूर्व टोल देखी पश्चिम टोल ब्राईट स्कुल सम्म बाटो कालोपत्रे /पि.सि.सि	१९४११९२	४५००००
८२।०८०।११।१८	अमवा वजार सुन्दर गुप्ताको घरदेखि वोरिङ्गटोल सम्म पि सि सि योजना	२१५०७९६	५०००००

११२ **उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८,१२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८,८३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

११३ **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटि ल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

सि न	उपभोक्ता समितिको नाम ठेगाना	लागत अनुमान	उ.स. लाई भुक्तानी रु
१	२ नं वडाको विभिन्न टोलमा पि सि सि निर्माण उपभोक्ता समिति	2165883.29	1840000
२	कृषि उपज हाटबजार निर्माण उपभोक्ता समिति	2000496.79	1749875
३	अमवा बजार सुन्दर गुप्ताको घरदेखी वोरिङ्गटोल पिपलचोक सम्म बाटो कालोपत्रे/पि.सि.सि उपभोक्ता समिति	2190796.73	1598377
४	लक्ष्मिपुर नाली पि सि सि निर्माण उपभोक्ता समिति	1956564.64	1455739
५	पूर्व टोल देखी पश्चिम टोल ब्राईट स्कुल सम्म बाटो कालोपत्रे /पि.सि.सि उपभोक्ता समिति	1977192.42	1431135
६	कृषि उपज संकलन केन्द्र/ हाटबजार बनघुसरी उपभोक्ता समिति	1642491.89	1380000
७	कृषि उपज हाट बजार टहरा निर्माण व्यवस्थापन वडा नं.४ उपभोक्ता समिति	1665533	1380000
८	कृषि उपज हाटबजार निर्माण सियारी-७ अमुवा उपभोक्ता समिति	1643944.23	1375773
९	दिपक भुसालको घरदेखी दक्षिण छपिया कुलोसम्म बाटो ग्रावेल वडा नं ५ उपभोक्ता समिति	1646165.67	1202355
१०	अमवा बजार प्रकाश ठाकुरको घर देखी भित्रि बाटो पि.सि.सि.ढलान उपभोक्ता समिति	1307092.21	1096353
११	राम जानकी मन्दिर अधुरो कभर्ड हल निर्माण उपभोक्ता समिति	1092247.98	920000
१२	किराने टोल सडक कालोपत्रे / पि.सि.सि उपभोक्ता समिति	1098545.56	920000

११४ उपभोक्ताबाट हेभी इक्विपमेन्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १० मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । मेशिन मात्र प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्दा नै स्पस्ट आधार र कारण खोल्नुपर्नेमा सो खुलाएको देखिएन। उपभोक्ता समितिसँग सम्झौता गरेकोमा मेशिन प्रयोगको घण्टा, कामको परिमाण, दर, उल्लेख नभएको निर्माण ब्याबसायीको कर बिजक संलग्न गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। यसरी निर्माण कार्यमा उपभोक्ता समिति मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको तथा हेभी मेशिन प्रयोग गर्न सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिएको देखिएन । यसतर्फ सुधार हुनुपर्दछ ।

११५ बालमैत्री विद्यालय निर्माण

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४०३,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

११६ लागत सहभागिता

पालिकाले योजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

११७ फरक कार्यक्रमबाट खर्च

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। पालिकाले देहाय अनुसारको भुक्तानीमा सम्बन्धि कार्यक्रमबाट खर्च नगरी फरक कार्यक्रमबाट खर्च गरेको देखिन्छ । यसरी नियम विपरीत खर्च लेखी भुक्तानी गरेकोले नियम सम्मत नदेखिएको रु.

सि नं	खर्च लेखेको कार्यक्रम	खर्चको विवरण	खर्च रु	कैफियत
१	चिल्हिया मा वि झ्याल ढोका मर्मत/निर्माण भुक्तानी – किरण क्षेत्री	लखन थापा चोक रखौना कैलाशनगर जितपुर सडक मर्मत ग्राभेल	८५०००	कार्यपालिका निर्णयमा आक्समिक कोषबाट खर्च गर्नुपर्ने उल्लेख

अनियमित भएको	८५,०००

११८ पब्लिक मा.वि. नमुना विद्यालय भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान

११८.१ **निर्माण कार्यको खरिद प्रक्रिया** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को ८.३ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान रकम विद्यालयलाई उपलब्ध गराउदा विद्यालयसँग सम्झौता भए पश्च्यात प्रथम किस्ता वापत ५० प्रतिशत, स्ट्रक्चरलको कार्य सम्पन्न भएपछि दोस्रो किस्ता वापत ३० प्रतिशत र कार्यसम्पन्न गरेपछि नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी अन्तिम किस्ता २० प्रतिशत रकम अनुदान दिने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०८०।८१ का लागि पालिकालाई रु. १ करोड प्राप्त भएकोमा सो मध्ये पालिकाले विद्यालय व्यस्थापन समितिसंग भवन तथा पार्किङ सम्बन्धि भौतिक निर्माणको कार्य गर्न रु. ९०१८६६६।०० को लागत अनुमानमा सम्झौता गरी ३ किस्तामा रु.८९८६०७७।०० को कार्यसम्पन्नको भुक्तानी गरेको छ । उक्त निर्माण कार्यमा विद्यालयको लागत सहभागिता उल्लेख रहेको छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार रु.२० लाख भन्दा बढीको लागत भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिदमा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख रहेकोमा रु. ९०१८६६६।०० को उक्त निर्माण कार्य बोलपत्र आवहान नगरी पालिकाले विद्यालय व्यवस्थापन समितिसंग योगदान वेगर सम्झौता गरेको तथा विद्यालय व्यवस्थापन समितिले समेत खरिद प्रक्रिया वेगर सौझै निर्माण कार्य गराएको नियम अनुसार देखिएन । विद्यालयले उक्त निर्माण कार्यको छुट्टा छुट्टै खरिद गरेको सामाग्रीको विल, भर्पाई र डोर हाजिरी पेश गरेको छ । पालिका तथा विद्यालयले खरिद कानुनको पालना गरी निर्माण कार्य गराउनुपर्दछ ।

११८.२ **मन्टेश्वरी ल्याबका लागि खरिद** – पालिकाले प्राप्त भएको रु. १ करोड मध्ये बाँकी रु. १० लाख बाट मन्टेश्वरी ल्याब निर्माणका लागि रु. ९८१३३४।०० पब्लिक नमुना मा.वि.लाई भुक्तानी गरेको छ । उक्त रकमबाट खेलौना, कार्पेट, म्याट, स्टेशनरी तथा कुर्सी र टेबल जस्ता फर्निचर खरिद गरेका विलहरु पेश गरेको छ ।विद्यालयलाई बालबालिका मैत्री कक्षा कोठा व्यवस्थापन अनुदानबाट समेत सो प्रकृतिका खरिद कार्यका लागि अनुदान निकासा भई भुक्तानी भएको देखिन्छ । उक्त खरिद कार्यहरु नमुना विद्यालयको सुधार गुरुयोजना अन्तर्गत भएको सम्बन्धमा प्रमाण पेश नभएकोले यस सम्बन्धमा प्रमाण पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	९,८१,३३४

११९ **संस्थागत विद्यालयको व्यवसाय नवीकरण दस्तुर**

सियारी गाउँपालिका आर्थिक ऐन, २०८० को दफा ५ (२) मा उद्योग, व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिने र यस गाउँपालिकाको भूगोल भित्र इजाजत प्राप्त तथा सूचीकृत व्यवसायीहरुले बार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गर्नु पर्ने उल्लेख छ।साथै सोही ऐनको अनुसूचि ४(३३) मा शिक्षा सेवा अन्तर्गत निजि क्याम्पसको हकमा रु. १०००० ,निजि मा.वि.को हकमा रु. ५००० र निजि आधारभुत विद्यालयको हकमा रु. २००० को दरमा व्यवसाय कर लगाइने व्यवस्था छ। तर पालिकाले विगत वर्षदेखि नै कलेज सहित १४ वटा संस्थागत विद्यालयहरुबाट व्यवसाय नवीकरण दस्तुर समेत संकलन नगरेको पाइयो ।पालिकाले तपशिलका संस्थागत विद्यालयहरुबाट प्रचलित कानुन बमोजिम जरिवाना सहित व्यवसाय कर असुल गराउनु पर्दछ।

क्र. सं .	विद्यालयको नाम	तह	वडा नं.
१	ब्राइट इ. वो . स्कुल वर्दवाचोक	आ. वि .	६
२	क्रियटिभचाइल्ड एकेडेमी मैनहिया	आ. वि .	२
३	दुर्गाशैक्षिक गृह अमुवा	मा. वि .	७
४	पसइभ स्टार इवो चिल्हिया	आ. वि .	१
५	लुम्विनी ज्ञानज्योती इवो चिल्हिया	मा. वि .	१
६	किम्वर्लि किन्डरगार्टेन सरजुगंज	मा. वि .	६
७	लर्डवुद्ध एकेडेमी मैनहिया	आ. वि .	२
८	दुर्गा मोडल एकेडेमी च्यांगठा	आ. वि .	२
९	रोजवर्ड एकेमेमी	मा. वि .	७
१०	संस्कार इ. वो. दयानगर	मा. वि .	५
११	सन्तज्योती इ. वो. दयानगर	मा. वि .	५
१२	सरस्वती ज्ञाननिकेतन इ.वो. दयानगर	मा. वि .	४
१३	सिद्धार्थ साइनिंग स्टार इवो छपिया	आ. वि .	४
१४	लिलाधर घिमिरे छपिया जनता कलेज	कलेज	४

१२० **ठेक्कामा मु.अ.कर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ।तर सियारी गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५९ बमोजिम वडाहरुमा साप्ताहिक लाग्ने ३ वटा हाटबजारको आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर कट्टी नगरेको पाइयो।तसर्थ मू.अ.कर समेत असुल गरी सङ्घीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु,

हाटबजारको नाम	सुचना प्रकाशन मिति	सूचिकृत न्युनतम अंक (भ्याट बाहेक)	ठेक्का पार्ने व्यक्ति	फर्मले कवोल गरेको रकम (भ्याट बाहेक)	भ्याट रकम
अमुवा हाटबजार		४७६८२९	कृष्ण जिसी	५२५१११	६८२६४
छपिया हाटबजार		३५०३८६	नवि मुहम्मद मुसलमान	३५५३८६	४६२००
बनघुसरी हाटबजार	२०८०।३।१६	२१७९३७	विष्णु प्रसाद ढकाल	२२५०००	२९२५०
जम्मा					१४३७१४

असुल गर्नुपर्ने	१,४३,७१४

१२१ नदीजन्य पदार्थ उत्खनन

स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा ६२ (क) वमोजिम ढुङ्गा गिट्टी बालुवा गाउँपालिका वा नगरपालिकाले विक्रि गरी प्राप्त राजश्व आफ्नो संचितकोषमा दाखिला गर्न सक्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष नदिजन्य पदार्थ उत्खनन गरी रु. ४७९७९३५८ आय प्राप्त गरेकोमा ऐनले निर्धारण गरे बमोजिमको कार्ययोजना तयार गरेको पाइएन। समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन,घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

पालिकाले यस वर्ष तिनाउ खोला अन्तर्गतको ६ वटा घाटको IEE भएकोमा ३ वटा घाटमा ठेक्का लगाएको र ३ वटामा विवाद तथा नयाँ अध्ययन गरेकोले ठेक्का व्यवस्थापन हुन नसकेको र दानव खोला अन्तर्गतको ४ वटा घाटको IEE भएकोमा २ वटा घाटमा ठेक्का लगाएको र २ वटामा विवाद तथा नयाँ अध्ययन गरेकोले ठेक्का व्यवस्थापन हुन नसकेको विवरण प्राप्त भएको छ ।

पालिकाले यस वर्ष ढुंङ्गा, गिट्टी उत्खन्न तथा विक्रीतर्फ देहाय अनुसार राजश्व संकलन गरेको विवरण पेश भएको छ । पालिकाले नदिजन्य पदार्थ उत्खन्न तथा विक्री सम्बन्धि कार्यविधि बमोजिम तथा आर्थिक ऐन तथा सम्झौतामा उत्खन्न, राजस्व संकलन तथा बढी उत्खन्न सम्बन्धि जरिवाना सम्बन्धमा स्पष्ट रुपमा उल्लेख गरी बढी उत्खन्न गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । पालिकाले सबै घाटहरुमा IEE अनुसार सूचना निकाली समयमै ठेक्का व्यवस्थापन गरेर तथा उचित नियमन गरी व्यवस्थित रुपमा आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सि. नं .	राजस्व विवरण	असुल रकम रु
१	५ वटा ठेक्काबाट	४४५२८८०९
२	जरिवाना	३५१२५६
३	अमानत गत आ. व . को	२९३५०००
४	स्टक जफत लिलाम	१६४२९२
		४७९७९३५८

१२२ नदीजन्य पदार्थको मौजदात

सियारी गाउँपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची १२ मा विगत आ.ब.को डम्पिङ्ग भएको स्टक नदिजन्य पदार्थको नाप जाँच गरी हाल कायम रहेको दरमा १० प्रतिशत शुल्क लिई बढीमा ३० दिनको समय भित्र नदीजन्य पदार्थ उठाई डम्पिङ्ग खाली गर्न लगाउने

र सो अवधिभित्र नउठाएमा गाउपालिकाले नियम अनुसार लिलाम गर्ने व्यवस्था मिलाउने उल्लेख छ । त्यसैगरी पालिका र व्यवसायीसंग भएको सम्झौताको दफा १२ मा उत्खन्न, संकलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौजदात आर्थिक वर्षको अन्त्यमा शून्य गर्नुपर्नेछ र कुनै कारणवश शून्य गर्न नसकेमा बाँकी रहेको परिमाण पालिलकाले तोकिएको जरिवाना लिई बिक्री आदेश दिन सकिने छ वा लिलाम गर्न सक्नेछ उल्लेख गरेकोमा देहाय अनुसारको ठेक्कामा सम्झौता अनुसार उत्खन्न भएको परिमाण आर्थिक वर्षको अन्त्यसम्म शून्य नभई सो मध्ये निम्न परिमाण घाटमा नै मौजदात रहेको र हालसम्म उक्त परिमाण जफत समेत नगरेको र विक्री आदेश समेत दिएको कागजात संलगन गरेको देखिएन । पालिकाले नियमानुसार शुल्क लिने वा स्टक जफत गर्ने सम्बन्धमा आवश्यक निर्णय लिई उक्त परिमाणको राजस्व असुल गर्नुपर्दछ ।

सि. नं .	ठेक्का विवरण	व्यवसायी	सम्झौता अनुसारको परिमाण घ. न फुट	घाटमा रहेको स्टक मौजदात (घनफुट)	सम्झौता दर	रकम रु.
						मूअकर बाहेक
१	तिनाउ नदी सितापुर १ र २ घाट आय ठेक्का नं. ०७।०८० - ८१	शोभा लक्ष्मी कन्स्ट्रकसन	२८७८२२.०५	१५७५००.९	२८.७६	८२६०४६
२	तिनाउ नदी कनरी घाट आय ठेक्का नं. ०६।०८० - ८१	शोभा लक्ष्मी कन्स्ट्रकसन	४०३७४८.१२	३५१०४५	१९.०१	६६७३३६५

१२३ समयमा किस्ता नबुझाएको

सम्झौताको अन्य शर्तहरुको बुँदा नं.३ मा ढिलो रकम दाखिला गरेमा १० प्रतिशत क्षतिपूर्ति लाग्ने उल्लेख गरेको छ । यससम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

१. तिनाउ नदी कनरी घाट आय ठेक्का नं. ०६।०८०-८१ - निर्माण व्यवसायी शोभालक्ष्मी कन्स्ट्रक्सनसंग २०८१।१।२५ देखि २०८१।२।३० सम्मको सम्झौता रहेको र २०८१ जेष्ठ ३० सम्म दोश्रो अन्तिम किस्ता रकम बुझाईसक्नुपर्नेमा व्यवसायीले दोश्रो किस्ता वापत रु.१४५००००।०० मिति २०८१।३।१६ मा बुझाएकोले १६ दिन ढिलो भएको १० प्रतिशतले हुने रु.६३५७।०० र रु.२३५००००।०० मिति २०८१।३।२१ मा बुझाएकोले २१ दिन ढिलो भएको १० प्रतिशतले हुने रु.१३५२०।०० समेत रु.१९८७७।०० असुल हुनुपर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३८,४७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१९,८७७

१२४ डम्पिङ्ग भएको नदीजन्य पदार्थ

सियारी गाउँपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची १२ मा विगत आ.ब.को डम्पिङ्ग भएको स्टक नदिजन्य पदार्थको नाप जाँच गरी हाल कायम रहेको दरमा १० प्रतिशत शुल्क लिई बढीमा ३० दिनको समय भित्र नदीजन्य पदार्थ उठाई डम्पिङ्ग खाली गर्न लगाउने र सो अवधिभित्र नउठाएमा गाउपालिकाले नियम अनुसार लिलाम गर्ने व्यवस्था मिलाउने उल्लेख छ । साथै ठेकेदारसंग भएको सम्झौतामा समेत आर्थिक वर्षको अन्त्यमा मौजदात शून्य गर्नुपर्ने र कुनै कारणवश शून्य गर्न नसकेमा बाँकी रहेको परिमाण पालिकाले तोकिएको जरिवाना लिई विक्री आदेश दिन सक्ने वा लिलाम गर्न सक्ने उल्लेख गरेकोमा यस सम्बन्धमा पालिकाले आर्थिक वर्षको अन्त्यमा स्टक मौजदात शून्य नभई के कति परिमाणमा सम्बन्धित घाटहरुमा स्टक बाँकी रहेको र सोको विस्तृत अभिलेख र नियमानुसार जरिवाना लगाई असुल गर्नुपर्ने सम्बन्धमा अभिलेख व्यवस्थित रुपमा नराखेकोले यस सम्बन्धमा एकिन हुन सकिएन । पालिकाले यस सम्बन्धमा व्यवस्थित रुपमा स्टक मौजदात सम्बन्धि अभिलेख आर्थिक वर्षको अन्त्यमा प्रमाणित गरी राखी नियमानुसार जरिवाना तथा लिलाम गरी राजस्व असुल गर्नुपर्दछ तथा सोको अभिलेख समेत राख्नुपर्दछ ।

१२५ जरिवाना

लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ मा IEE अध्ययनबाट उत्खन्न गरिन सकिने परिमाण भन्दा बढी उत्खन्न गर्न नसकिने व्यवस्था रहेको तथा ठेकेदारसंग भएको सम्झौतामा समेत बढी उत्खन्न गर्न नसकिने उल्लेख छ । पालिकाबाट भएको मा पालिकाले दानव नदी घमसर घाट (आय ठेक्का नं- ०४।०८०-८१, न्यू सिदार्थ काष्ठ उद्योग, मायादेवि-८, रुपन्देही) मा बढी उत्खन्न भएको २३९८.९८ घन फुटको जरिवाना रु. ४६१८०।०० उल्लेख गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोमा उक्त रकम मध्ये रु. ४१९८३।०० मात्र दाखिला गरेकोले दाखिला हुन बाँकी रु. ४१९८।०० असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	४,१९८

१२६ **पेश्की व्यवस्थापन**

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

१२६.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । सोही नियमावलीको नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न निर्माण व्यवसायी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई बाँकी रहेको देखिन्छ ।उक्त पेश्की आर्थिक वर्षको अन्त्यसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फस्यौंट गर्नुपर्दछ ।

सुत्र प्रणालीको म.ले.प.फा.नं. २११::फर्छयौट गर्न बाँकी पेश्कीको मास्केवारी २०८०।८१ अनुसार आर्थिक वर्ष २०८०।८१ सम्म देहाय अनुसारको पेश्की बाँकी रहेको विवरण प्राप्त भएकोले नियमानुसार पेश्की फर्छयौट हुनुपर्दछ ।

पेश्की मिति	कार्यक्रम	विवरण	पेश्की लिने	गत विगत वर्षको	२०८०।८१	जम्मा
	विभिन्न आयोजनाहरुको डि.पि.आर निर्माण	मोविलाइजेसन	सि . इ . जी नेशनल कन्सल्टेन्स	१९८९४१	-	१९८९४१
	धार्मिक संघ संस्था संरक्षण / वडा नं ३ भैसाखादर रामजानकी मन्दिर पर्खाल निर्माण	उपभोक्ता समिति	भैसाखादर रामजानकी मन्दिर पर्खाल निर्माण उ.स	३०००००	-	३०००००
	गा पा कनरी सडक कालोपत्रे	मोविलाइजेसन	विवेक कन्स्ट्रकसन	३७१०००	-	३७१०००
	१५ शैया अस्पताल	मोविलाइजेसन		१९५०००००	-	
	विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च	पदाधिकारी		१५०००	-	१५०००
४५७।०८०।११।१०	बिमा तथा नवीकरण खर्च	कर्मचारी	प्रेम प्रसाद हरिजन	-	१०००००	१०००००
४।०८०।५।२५ २३।०८०।७।२३	वडा नं ४ प्रशासकिय भवन निर्माण	मोविलाइजेसन	मिना निमार्ण सेवा	-	२०८८०००	२०८८०००
		जम्मा		२०३८४९४१	२१८८०००	२२५७२९४१

पेश्की	१,००,०००

१२६.२

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक बर्षमा गएको पेश्की सोहि आर्थिक बर्षमा फर्छयौट हुन बाँकी रहेमा आगामी बर्षमा जिम्मेवारी कायम गर्नु पर्ने व्यवस्था छ । निर्माण व्यवसायी कालिगण्डकी।रविना जे.भि. र पालिका विच आ.ब.२०७९।८० को जेष्ठ महिनामा एकिकृत स्वास्थ्य पुर्बाधार विकास कार्यक्रम तर्फ १५ शैयाको अस्पताल निर्माण कार्यको लागि भएको संझौता अनुसार निर्माण व्यवसायिलाइ रु.१९५००००००।- पेश्की दिएकोमा उक्त पेश्की रकम आ.ब.२०८०/८१ मा बजेट उपशिर्षक नभएको र उक्त मोविलाइजेसन पेश्की अ.ल्य. हुन नसकेको र आ.ब.२०८१।०८२ मा ससर्त अनुदान तर्फ बजेट प्राप्त भएको भनि पालिकाबाट जानकारी गराइएको हुँदा उक्त पेश्की पालिकाको ससर्त तर्फ सार्नुपर्ने र पेश्की दिदाको ब.उ.शि.नं. ३७०००११६४ मा बाकी रहेको पेश्की हटाउनुपर्ने देखिन्छ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सियारी गाउँपालिका, रुपन्देही , सियारी गाउँपालिका , रुपन्देही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	रोमनाथ न्यौपाने	२०७८-१२-६	२०८०-५-१७
कार्यालय प्रमुख	ऋषिराम पन्थी	२०८०-५-१७	हाल सम्म कार्यरत
लेखा प्रमुख	नारायण प्रसाद पौडेल	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,९१८,४७२	१९,१६१,६३२	६,२११,०९३	०	०	१००,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					२८,३९१,१९७
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					२,२९०,४४१
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					२६,१००,७५६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३७२७१७६७.३५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३४०६९८८७४.७६	चालु खर्च	५५७०५५१३०.७७
प्रदेश सरकारबाट अनुदान	२९११६९२५	पूँजीगत खर्च	१५५५६५१७६.३२
राजश्व बाँडफाँट	१५२३४१९२५.८	वित्तीय/अन्य व्यवस्था	४१३७०८०१.५५
आन्तरिक आय	३९३३८५७२.९९		
अन्य आय	२०१५१५३५४.१३		
कुल आय	७६३०११६५२.६८	कुल खर्च	७५३९९११०८.६४
बाँकी मौज्दात		४६२९२३११.३९	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण बेहोरा कार्यान्वयन नहुने र आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।